साप्ताहिक

गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक १६ २०८३ मंसिर ८ गते मंगलबार (Nov. 24, 2026) मूल्य रू. १०/-

राप्रपाको अध्यक्ष हुने शाहीको घोषणा



राजतन्त्र र हिन्दुराष्ट्रको एजण्डा बोक्न कमल थापाले सकेनन् वा गरेनन्, राजेन्द्र लिङ्देन अघि सरे । उनी यसरी थाके कि चुनावसमेत हारे । अब राप्रपाको एकमात्र निर्वाचित सांसद ज्ञानेन्द्र शाहीले राप्रपाको अध्यक्ष बन्ने घोषणा गरेका छन्, उनले लिङ्देनलाई सर्वोच्च नेताको प्रस्ताव गरेका छन् । राजेन्द्र लिङ्देनले भने आफू नै राप्रपाको अध्यक्षमा उमेदवार बन्ने र जित्ने दावी गर्दैछन् ।

यता राप्रपाकी खुस्बु ओलीले मन्दिर जाने तीर्थालु र पुजारीहरूलाई हिन्दुराष्ट्र खोई भनेर मन्दिर आउने राजनीतिक दलका नेताहरूलाई सोध्न भनेकी छिन् । उनले राजतन्त्र र हिन्दुराष्ट्रका लागि आन्दोलनमा उत्रन पनि आह्वान गरेकी छिन् । ज्ञानेन्द्र शाही र खुस्बु ओलीले राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापना गराउलान् त ? केशर विष्ट थाके, दुर्गा प्रसाई थाके । अब नयाँ संस्करणमा ज्ञानेन्द्र शाही र खुस्बु ओली अग्रसर भएका छन् ।



१९५० मा जन्मेका र ५ दशकदेखि राजनीति र मुख्यमन्त्री हुँदै १२ वर्षदेखि भारतका प्रधानमन्त्री रहेका नरेन्द्र मोदी र १९९० मा जन्मेका र १० महिनादेखि राजनीति र ८ महिनादेखि नेपालका प्रधानमन्त्री बालेन साहवीचको राजनीतिक र कूटनीतिक अर्थात् दुई पुस्तावीचको दुईदेशवीचका सम्बन्धका विषयमा भएका भेटवार्ता विश्वका लागि उत्सुकताको विषय रह्यो । विकासशील बन्दै नेपाल, राष्ट्रसंघमा भिटो पावर खोजीरहेको भारतवीचको समानता र समझदारीको धरातलमा भएको संवाद विश्वका लागि आश्चर्य हुनु स्वभाविक थियो ।

नेपालका प्रधानमन्त्रीले सादगीसाथ प्रस्तुत भए, शिष्टाचार, संवाद र सहमतिमा आफूलाई केन्द्रित राखे । नेपाल र भारतको सम्बन्धको सबैपक्षमा समीक्षा भयो, सहकार्यको सहमति भएको छ । प्रम नरेन्द्र मोदीले नेपालमा उदय भएको युवा नेतृत्वको जोश, जाँगर, नेपालप्रेमबारेका सांकेतिक रूपमा उठान गरेका विषयहरूमा राम्ररी बुझ्न पाएका छन् । नेपालका प्रम बालेन साहको राष्ट्रवादीनीति, चट्टानी अडान देखेर प्रम मोदीलाई समेत प्रभाव पार्न सकेको विश्लेषण भारतका मिडियाहरूले गरेका छन् । यो भेटवार्ता नेपाल-भारतवीच रहेका असन्तुष्टिको तुष र बिग्रे भत्केका अविश्वासलाई सुधार्ने अवसर दुबैपक्षलाई मिलेको विश्लेषण भइरहेको छ ।

दिल्लीभरि नेपालको झण्डा फहरायो



कुनै तामझामबिना सादगीका साथ २५ घण्टे दिल्ली भ्रमणमा निस्केका प्रम बालेन साहलाई दिल्लीमा सांस्कृतिक कार्यक्रम सहित स्वागत गरियो । दिल्लीका सडकभरि नेपालका झण्डा फहराईएको थियो, नरेन्द्र मोदीका साथ बालेनको फोटो राखेर प्रम बालेनलाई भारतमा स्वागत छ भनेर लेखिएको ब्यानर थियो भने एयरपोर्टदेखि ताज होटलसम्मका सडक खाली गराएर बालेनको सवारी चलाइएको थियो । सडकका दुबैतिर भारतीय जनताले नेपालका जेनजी युवा प्रधानमन्त्रीलाई ताली बजाएर न्यानो आतिथ्यता देखाएका थिए ।

बहुदलपछि, लोकतन्त्रपछि नेपालका कुनै प्रधानमन्त्रीलाई यति भव्य स्वागत गरिएको थिएन । यात्रुबाहक नेपाल एयरलाइन्सको जहाज चढेर गएका प्रम बालेन साहले श्रीमतीसमेत लिएर गएनन्, यो भ्रमणमा धेरै रेकर्डहरू तोडेका छन् । होटल पुगेपछि भारतीय विदेश सचिव, विदेशमन्त्री मिस्री र एस जयशंकरले स्वागत भेट र एजेण्डाका विषयमा संवाद अघि बढाएका थिए ।

प्रम बालेन साहको स्वागत सत्कारमा कुनै कमी गरेन भारतले । उच्चस्तरको स्वागतले नेपालको शिर उँचो भएको छ । प्रम बालेन साहले राष्ट्रपति, प्रधानमन्त्रीसँग भेटवार्ता गरेर र नेपालको आवाज प्रष्ट राखेका छन् ।

बालेन सरकारसँग आश्वस्त भयो भारत

नरेन्द्र मोदी १२ अघि भारतको सत्तामा आएका थिए । तर नेपालमा यो अवधिमा ६ जना प्रधानमन्त्री भइसकेका थिए । प्रम बनेपछि नरेन्द्र मोदीले ३ पल्ट नेपाल भ्रमण गरेका छन् । ६ जना प्रधानमन्त्रीहरू नै भारत भ्रमणमा गए तर नेपाल र भारतका वीचका विद्यमान जटिल कुनै समस्या पनि सुल्झिन सकेन । समानताको सम्बन्ध स्थापित गर्न सकेनन्, यसैले तिनलाई लम्पसारवादी भनिने गरेको छ । तर जेनजी विद्रोहपछि युवासत्ता स्थापित भएपछि बालेन साह प्रधानमन्त्री भएका छन् र भारतकै ताकेतामा उनी २५ घण्टे भारत भ्रमणमा गएका हुन् । बालेन के हुन्, कस्ता छन्, भारतका शासक र जनतामा समेत निकै चासो थियो । बालेनको स्वागत, भेटवार्ता र बालेनका एजेण्डा सुनेपछि भारतले आफ्नो छिमेक फस्ट अर्थात नेपाल नीतिलाई परिमार्जन गर्न बाध्य भएका संकेत देखिएका छन् ।

नयाँ शिराबाट नेपाल भारत सम्बन्धलाई अघि बढाउन प्रधानमन्त्री स्तरमा मतो मिलेको छ । सन् २०१९ मा भारतले नेपालका कालापानी, लिपुलेक लिम्पयाधुरा समेतलाई समेटेर नयाँ नक्सा जारी गरेको विषयलाई पनि प्रम बालेन साहले सच्याउनु पर्ने कुरा भारतलाई बताउँदै रेलले दुई भूभाग जोडिन्छ, देश देश जोड्न एकले अर्काको सम्मान गर्नुपर्ने विषय उठान गर्नु प्रम बालेन साहको साहस नै हो । विश्वासको संकटलाई प्रम बालेन साहले हटाइदिएको कूटनीतिक विश्लेषण भइरहेको छ । प्रम बालेन साहले नेपालसँगको चीनको आर्थिक साझेदारी र बढ्दो चिनियाँ प्रभावसँग डराउन पर्दैन भन्ने ग्यारेण्टी दिएको चर्चा छ । यहीँबाट भारत प्रम बालेनसँग बढी आकर्षित भएको मानिएको छ ।

स्थानीय चुनावबाट हच्किए प्रतिपक्षीहरू

निर्वाचन आयोगले बहसमा निम्त्यायो र निर्वाचन आयोग पुगेका प्रतिपक्षी दलहरूले निर्वाचन आयोगले राखेको वैशाखमा स्थानीय र मंसिरमा प्रदेशसभाको चुनाव गर्ने प्रस्तावलाई स्वागत गर्न सकेनन् । राष्ट्रिय दलको मान्यता पाएका दलहरूले आआफ्ना बिबादास्पद धारणा राखे, निर्वाचन गर भन्न सकेनन् । २०७९ वैशाख ३० मा स्थानीय र मंसिर ४ मा प्रदेशसभाको निर्वाचन भएको थियो । प्रधानमन्त्री विरूद्ध असंसदीय भाषा बोल्नेहरूको हैसियत देखियो ।

प्रमको स्वाभिमानको स्ट्याण्ड



प्रम बालेन साहको राजनीतिक बिरासत छैन । उनी एकाएक मेयर बने, त्यसपछि प्रधानमन्त्री । तथापि उनको राजनीतिक र कूटनीतिक क्षमता गजबको देखिएको छ । १४ वर्ष मुख्यमन्त्री र भारतजस्तो बिशाल देशको १२ वर्षदेखि प्रधानमन्त्री रहेका नरेन्द्र मोदीसँग प्रम बालेन साह जे जसरी नेपालभक्तका रूपमा प्रस्तुत भए, त्यो विश्वमै अर्को आश्चर्यपूर्ण घटना हो ।

राजनीति र कूटनीतिका महारथी भारतका प्रम नरेन्द्र मोदीले नेपालका युवा प्रधानमन्त्रीको स्वागत, सत्कार र सम्मानमा जे जति शक्ति खर्च गरे, त्यसबाट भारत साँच्चै अब छिमेक फस्ट नीतिको धरातलमा उभिन पुगेको अनुभव गरेका छन् स्वयं भारतीयले पनि ।

को हुन् बालेन, कस्ता छन् ? भारतमा निकै उत्सुकता थियो । भारतीय शासक, प्रशासकहरूले पहिलोपल्ट बालेन साहको व्यक्तित्वलाई बुझ्न पाएका छन् । भारतले बुझ्यो, नेपालमा पनि बालेन साहजस्ता युवा छन्, जो राष्ट्र शिरमा राखेर उभिन सक्छ, आँखा जुधाएर कुरा गर्नसक्छ । भारतका लागि बालेन साह परिपक्व राजनेता र कूटनीतिक चलाखी भएको प्रधानमन्त्री लागेको छ । भारतका मिडियाहरूको रिपोर्ट हेर्दा बुझ्न सकिन्छ, नेपाल आफ्नै खुट्टामा उभिएको छ । अर्काको बैशाखीमा टेकेर उभिनेहरूको दिन सकिएका छन् ।

हो, प्रम बालेन साहले भोटेकोशीको बाढी र पूर्वाधार निर्माणमा ऋण सहयोग मागेका छन् । तर स्वाभिमानमा टेकेर मागेका छन् र मोदीजस्ता खारिएका नेतासमेत बालेन साहको तौर तरिका देखेर प्रभावित हुनपुगेका छन् ।

भारतको स्वार्थ नेपालको प्राकृतिक साधन स्रोतमा कब्जा जमाउने र नेपालको राजनीतिलाई प्रभावमा राखिरहने थियो, अब भारतले बुझ्यो नेपालको स्वार्थ भनेको दुई क्षिमेक र विश्वशक्तिसँग समानतामा उभिने र नेपालको विकास र समृद्धिको सारथी बनाउने रहेछ । २०४६ सालपछि भारतले नेपालमा माओवादी आतंकलाई समेत जन्माएर, संरक्षण दिएर जे जसरी आफ्नो बर्चस्व नेपालमा स्थापित गरिरहेको थियो, अब त्यो सम्भव छैन । हरेक क्षिमेकीसँग बैरभाव राख्दा राख्दा बंगलादेशमात्र होइन, भुटानसमेत भारतको प्रभावबाट निकै टाढा पुगिसकेको दोख दुखिरहेको भारतले १८८० किलोमिटर खुला सीमा रहेको नेपालको विश्वास पनि गुमायो भने विश्वशक्ति कसरी बन्न सकिन्छ भन्ने बुझेर नै नेपालका युवा प्रधानमन्त्रीको स्वागत, सम्मान र नेपालले भन्न चाहेको विषयहरू सुन्यो र बहस अगाडि बढायो । भारतको स्वतन्त्रता संग्राममा समेत नेपालीले बगाएको रगत भारतलाई पहिलोपल्ट सम्झना भएको हुनुपर्छ । परम्परागत विधि व्यवहारबाट नेपालको दुखित मन जित्न सकिदैन भन्ने बुझेर नै भारतले नेपालका प्रधानमन्त्री बालेन साहलाई निम्त्याएको र कुरा सुनेको र सहकार्य बढाउन खोजेको प्रष्ट भएको छ ।

सार्वजनिक खपतका लागि नेपालको कुरा सुनेर भारतले जे जस्तो आश्वस्तता पार्न खोजे पनि नेपालीका लागि बालेनको भारत भ्रमणबाट उपलब्धि के भयो ? भन्ने नै छ । यसपल्टको बालेनको भ्रमण केही केही अनुदान वा मुर्रा राँगामा सिमित छैन, समझदारीमा आइसब्रेक, स्वाभिमान र सार्वभौमिकताको दृष्टि र धेरै अर्थमा ऐतिहासिक हुनपुगेको छ । राष्ट्रसंघमा अभिव्यक्ति दिएपछि दुनियाँभरि वाहवाही आर्जन गरेका कलिला बालेन साह राजनीतिबाट कूटनीतिमा समेत अद्भूत फड्को मार्न सफल भएका छन् । भारतजस्तो बलियो राष्ट्रसँग बराबरी उभिन सकेका छन् भने केही समयमा चीनसँग पनि हाराहारीमा उभिन पुग्ने पक्का छ । अर्कोवर्षसम्म अमेरिका र युरोपियन मुलुकसम्म पुगेर नेपालको शान्ति, समृद्धि र सुशासनमा डाइनामिक जोल्ट दिनसक्ने ऐतिहासिक शासक बन्नपुग्ने देखिन्छ ।

भारतको भ्रमणबाटै विश्वले देख्यो, चाल पायो नेपालको नयाँ पार्टी, नयाँ नेता, नयाँ सत्ता अनि नयाँ सरकार । नेपाली जनताले पुरानालाई डाँडो कटाएर नयाँ पुस्तालाई जुनप्रकारको विश्वास गरे, त्यसमा बालेन साह खरो उत्रदैछन् ।

प्रधानमन्त्री बन्नासाथ एकवर्ष कुनै विदेश भ्रमण गर्दिन भनेका बालेन साहलाई भोटेकोशी बाढीका कारण राष्ट्रसंघ पुऱ्यायो, आपसी समस्या र आन्तरिक पुनर्निर्माणको दायित्वले दिल्ली उताऱ्यो ।

खासगरी भारतसँग सम्बन्धको ऐतिहासिकता छ, समस्या पनि त्यत्तिकै जटिल जटिल विद्यमान छन् । प्रम बालेन साहको राष्ट्रसंघमा जलवायु परिवर्तनका कारण नेपालले चुकाउनु परेको मूल्यको जसरी आवाज बुलन्द पारे, त्यसैगरी छिमेकी भारतसँगका समस्याका खातहरूलाई पनि बसेर सुल्झाउने प्रयत्न जुन थालेका छन्, त्यो प्रशंसनीय छ । प्रम बालेन साहलाई नेपालीले मात्र होइन, विश्वले नै सह्राहना गरेको छ । प्रम बालेन साहको आलोचकहरू बालेनको काम र व्यवहारबाट छक्क पर्न थालेका छन् ।

यही त हो स्वाभिमानको स्टेण्ड ।

मन्त्रीसँगै मुख्यसचिव, मुख्यमन्त्री पनि भ्रष्टाचारमा

मलेसिया जाने श्रमिकको स्वास्थ्य परीक्षणमा ठगी भएको उजुरीको छानबिन थालेपछि पत्ता लाग्यो, ४ पटक भएको मन्त्रीस्तरीय निर्णयको फाइल नै गायब भएको छ । अनुसन्धान एक अधिकारी भन्छन्- चार पटक मन्त्रीस्तरीय निर्णय गरी नेपालबाट १७ पटक ठगीको रकम मलेसिया पठाइएको खुलेको हो ।

यस्तो निर्णय गर्ने तत्कालीन मन्त्री थिए- शेरबहादुर कुँवर र रामेश्वर राय यादव । अहिले उनीहरू, सचिव विनोदकेसी सहित १० जना सीआईबीको हिरासतमा छन् । तत्कालीन मुख्य सचिव नै फरार रहेका छन् । यसैवीच तत्कालीन श्रम मन्त्रीहरू गौरीशंकर चौधरी, विमलप्रसाद श्रीवास्तव, कृष्णकुमार श्रेष्ठ, डोलप्रसाल (डीपी) अर्याल र शरदसिंह भण्डारीका बारेमा पनि अनुसन्धान भइरहेको छ ।

अनुसन्धानकर्ताहरू भन्छन्- खासगरी मेडिकल परीक्षण अनियमिततामा राजनीतिक-प्रशासनिक सेटिङ देखिन्छ ।

नेपाली युवा श्रमिकसँग लुटेर चार पटक मलेसिया पैसा पठाएको कूल रकम १ अर्ब ६९ करोड २ लाख २४ हजार २६ रूपैयाँ देखिन्छ । फाइल गायब पारे पनि अन्य तरिकाले अनुसन्धान भइरहेको बताइन्छ । ठ्याक्कै बेहोरा पत्ता लगाउन ती फाइल जरूरी छन् । छानबिनका क्रममा मलेसियन दूतावास पनि तानिएको छ । मलेसियन दूतावासले कूटनीतिक प्रोटोकल मिचेर पत्राचार गरेको खुलेपछि दूतावासका कर्मचारी पनि तानमा परेका छ सक्कली कि नक्कली अनुसन्धान भइरहेको

नेपाल सरकारले जानेका लागि शुल्क सेटिङको म्याक्रोटेक गैरकानुनी रूपमा व चार्ज शुल्क लिई ठगी

सीआईबीका प्रव जबराका अनुसार यो लहरोले पहरो गर्जन सक्छ, अनुसन्धान भइरहेको छ ।

नेपाली ७ लाख युवालाई अनिवार्य स्वास्थ्य परीक्षणका नाममा ठग्नुसम्म ठगेको यो भ्रष्टाचार राष्ट्रघात नै हो । यसमा मलेसियाको बेस्टिनेट र कैलाश खड्काको म्याक्रोटिच प्रालिबाट अरू के कति भ्रष्टाचारको पोल खुल्ने हो ?



बागमती प्रदेशका पूर्व मुख्यमन्त्री इन्द्र बानियाँ फरार भएका छन् । उनका छोरा दीक्षान्त बानिया पक्राउ परेका छन् । उनीविरूद्ध प्रभू बैंकको ३४ करोड ऋण दुरूपयोग गरेको बैंकिङ कसुर मुद्दा परेको छ र अनुसन्धानका लागि अदालतले पक्राउ पूर्जीको अनुमति दिएको छ । यो थाहा पाएर बानियाँ फरार भएका हुन् ।

संघीय मन्त्री, प्रदेशका मुख्यमन्त्री, सचिव, मुख्य सचिव नै यसरी बैदेशिक रोजगारीमा जाने युवाको शोषणमा लाग्छन् भने यिनलाई कानुनले कारवाही त गर्नैपर्छ । प्रम बालेनले ठूला भ्रष्टाचारका फाइल खोलेकाले अरू को को पर्नेहुन् ?

भारतपछि प्रम बालेन चीन भ्रमणमा जालान् ?

प्रम बालेन साह भारत भ्रमणमा जाने निधो भएपछि चीनले प्रम बालेनलाई चीन भ्रमण गराउने तीब्र प्रयास थालेको हो । चिनियाँ राजदूत यस कार्यका लागि निकै खटिन थालेका छन् भने रास्वपाका ३ दर्जन सांसदलाई चीन भ्रमण गराउनुको कडी पनि प्रम बालेनलाई चीन उतार्ने प्रयास हो भन्ने विश्लेषकीय धारणा रहेको छ ।

अहिलेसम्म चीनको बुझाइ भनेको बीआरआई उच्चारण गर्न समेत प्रम बालेन इच्छुक देखिदैनन् । यद्यपि ९ वर्ष अघि नै नेपालले बीआरआईमा सहमति जनाइसकेको छ तर कार्यान्वयमा गइसकेको छैन । यही कुरा प्रम बालेनको भारत भ्रमणमा पनि उठेको र प्रम बालेनले सुरक्षासम्मको चासोलाई संवेदनशील रुपमा हेर्ने बताएको भनिन्छ ।

जसरी एमसीसी, त्यरी भारतीय लगानी र सहयोगका प्राजेक्टहरु पनि कार्यान्वयनमा गइरहेका छन् । तर चिनियाँ प्रोजेक्टहरुमा सरकारको सकारात्मक सोच नभएको र बीआरआरआईको कार्यान्वयनमा बालेन सरकारले ध्यान नदिएको विषयलाई गम्भीरतापूर्वक लिएर प्रम बालेन साहलाई चीन भ्रमणका लागि मनाउने राजनीतिक र कूटनीतिक प्रयास भइरहेको छ । चीनले सुरुङमार्ग, रेलमार्गको अध्ययन पूरा गरिसकेको छ भने त्यसलाई पनि नेपाल सरकारले ध्यान नदिएको गुनासो गरेको छ । तातोपानी नाका खोल्न नेपालले भन्दा पनि चीनले त्यता ध्यान दिएको छैन । चिनियाँ दूतावासले नजिकका प्रेससँग सम्पर्क गरेर तिनलाई कुरा उठाइदिन आग्रह गरेको छ । नेपालका लागि भारतजस्तै चीन पनि महत्वपूर्ण साझेदार र छिमेकी पनि हो । छिमेकी बदल्न सकिदैन भन्ने यथार्थ बुझेर प्रम बालेनले ट्रिट गर्लान् त ?

नेपालको लोकतान्त्रिक व्यवस्था, अलोकतान्त्रिक शासन, अव्यवस्था र भताभुङ्गको स्थिति



नेपालको राजनीति र २०१५ अघिको अवस्था

उमेरले मध्य असीमा पुगिसकेकोले मैले हाम्रो मुलुकमा राणाशासनदेखि अहिलेसम्मका धरीधरीका राजनीतिक शासन व्यवस्था देखे र भोगें । राणा शासनको बेला म बाल्यकालमै रहेकोले यो व्यवस्था मैले राम्रै देखेको भए पनि यसको सुख वा दुःख मलाई अनुभव भएन । २००७ सालमा राणा शासनको अन्त्यपछि प्रजातन्त्रसँगसँगै बहुदलीय व्यवस्थाको उदय भयो । देशमा धरीधरीका राजनीतिक दलहरू थिए । यी दलहरू एकअर्काको खेदो खन्थे । २०१५ सालमा आमचुनाव नभएसम्म देशमा त्यसबेला रहेका मुख्य मुख्य राजनीतिक दलका नेताहरूमध्ये जोकसैलाई राजाबाट स्वविवेकले प्रधानमन्त्रीको जिम्मेवारी दिने र नियुक्ति गर्ने चलन थियो । प्रधानमन्त्री हुनेले देश र जनताको हितलाई भन्दा आफ्नो दल, आफू र आफन्तको हितलाई मात्र बढी प्राथमिकता दिने संस्कार उबेला पनि देखा पर्‍यो । यसको फाइदा भोग्न नपाएका बाँकी दलहरूले यसको विरूद्ध आवाज उठाए । राजाले सो प्रधानमन्त्रीलाई हटाई अर्को विरोधको चर्को आवाज उठाउने समूह वा दलका अर्को नेतालाई प्रधानमन्त्रीको जिम्मेवारी दिँदै गए । एवं रीतले यो अवधि मुलुकका लागि बिना ठोस काम यसै बित्यो ।

नेपालको राजनीति र २०१५ को बहुदलीय प्रजातन्त्र

यसै बिच बहुदलीय व्यवस्था र संसदीय व्यवस्थाको पूर्ण कार्यान्वयनको माग राखी देशमा आमचुनावका लागि राजनीतिक दलहरूले धर्ना, जुलुस र चर्को आवाज उठाए । फलस्वरूप २०१५ सालमा आमचुनाव भयो । नेपाली कांग्रेस पार्टीले आमचुनावमा पूर्ण बहुमत पाएकोले यस दलका नेता विश्वेश्वर प्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा नेपाली कांग्रेस पार्टीको सरकार बन्यो । देश विकासका केही काम गर्न यो सरकार अग्रसर भए पनि आफ्नो दल, आफू र आफन्तलाई प्राथमिकता दिने नेपाली संस्कार पनि कम देखिएन । नेपाली कांग्रेसका लागि यो पूर्ण प्रजातन्त्र भए पनि अरूका लागि यो दलतन्त्र, नेतातन्त्र मात्र भयो । यसमा डाह गर्ने बाँकी दलहरूले तिललाई पहाड गरी चर्को आवाज उठाई जनता उचाले । दलदलको झगडामा जनता पिसिए । देशको स्थिति बिग्रिँदै गयो । यो व्यवस्थाले देशको कल्याण नहुने निधो गरी राजा महेन्द्रले २०१५को संविधानको धारा प्रयोग गरी यो सरकार विघटन गरी नेपालको संविधान, २०१९ जारी गरेर पञ्चायती प्रजातन्त्र नामको निर्दलीय पञ्चायत व्यवस्था देशमा लागू गरे ।

नेपालको राजनीति र २०१९ को पञ्चायती प्रजातन्त्र

यो व्यवस्था निर्दलीय हुने अर्थात् जनता दलदलमा विभाजित भई झगडा नगर्ने, आफ्नो व्यक्तिगत योग्यता, दक्षता, ज्ञान, खुबी र सामर्थ्यका आधारमा देशसेवा गर्ने व्यवस्था थियो । यो व्यवस्थामा पनि चुनाव हुने, चुनावबाट आउने प्रतिनिधिहरू रहने व्यवस्थापिका पनि हुने, व्यवस्थापिकाबाटै बहुमतबाट निर्वाचित प्रधानमन्त्रीको नेतृत्वमा सरकार र मन्त्रीमण्डल हुने विधि र पद्धति बसालियो । तर यो व्यवस्थामा देशको राजा यो व्यवस्थाको संरक्षक अर्थात् नायकको रूपमा फुटबलको रेफ्रीजस्तो रहने र राजनीतिक खेलाडी नियमकानुनविपरीत चलेको देखिएमा रेफ्रीले रातो झण्डा देखाई रोक्ने व्यवस्था पनि गरियो । अर्थात् यो नियन्त्रित प्रजातन्त्र थियो । यो नियन्त्रित प्रजातन्त्र अर्थात् अहिले जस्तो आफूखुसी दलीय सरकारले मनपरी निजामती, न्यायालय, प्रहरी, सेना, शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार, लोकसेवा, सँवैधानिक अङ्ग सर्वत्र सबैलाई दलीय बनाउन सक्ने नभएकोले मुलुकमा व्यावसायिक सरकारी निकायहरूले पूर्ण व्यावसायिक भई कसैको दबाब र प्रभावमा नपरी स्वतन्त्र रूपमा काम गर्न पाएका थिए भन्ने कुरा अहिले महसुस हुन थालेको छ । यसैले त्यसबेला सम्पूर्ण शासन प्रणालीका निकायहरू जुन दलको सरकार थियो, त्यसैको मात्र हुन पाएन । प्रजातन्त्रको नाममा मुलुकका सम्पूर्ण निकाय आफ्नो मुठ्ठीमा राखी भान्सा, खाना, थाल, कचौरा, डाडुपन्यु सबै आफै हातमा राख्नुपर्ने दलप्रवृत्तिकालाई बाहेक त्यसबेलाको नियन्त्रित प्रजातन्त्रले साधारण जनतालाई कुनै असहज महसुस नभएको जस्तो पनि अहिले मलाई लाग्दछ ।साधारणतः सीमित पञ्चहरूले र केही दरबारियाहरूले लुकीछिपी केही अनियमित फाइदा लिए पनि अहिले जस्तो खुलमखुल्ला लुट हुन पाएन । देश धेरै कुरामा विधिको शासन अनुसार विकासमा अघि सच्यो । मुलुकमा विकासका लागि आवश्यक संरचनाहरू बने । झन्डैझन्डै ३० वर्ष यो व्यवस्था चल्यो ।

२०४७ र २०६३ सालको संविधान, बहुदलीय शासन प्रणाली र गणतन्त्र

यो पञ्चायती व्यवस्थामा जतिसुकै धेरै प्रजातान्त्रिक गुण रहे पनि यो नियन्त्रित प्रजातन्त्रलाई प्रजातन्त्र नठान्ने र अनियन्त्रित बहुदलीय व्यवस्थालाई मात्र प्रजातन्त्र सम्झने र मान्ने प्रतिबन्धित दलहरू यो व्यवस्थाविरूद्ध नियमित संघर्ष गर्दै गए । फलस्वरूप २०४७ सालमा पञ्चायती संविधान पूर्ण रूपमा फालियो । २०४७ सालको बहुदलीय संविधान लागू भयो । देशमा अनियन्त्रित पूर्ण प्रजातन्त्र आयो । तर यो व्यवस्थामा पनि साधारण मात्र अधिकारको भए पनि राजसंस्था अर्थात् राजा पनि समावेश थियो । यो व्यवस्था पनि देशका लागि फलदायी नभएको, देशको समग्र विकास शीघ्र गर्नका निम्ति राजसंस्था नै नहटाई नहुने धारणा राख्ने माओवादीहरूको आन्दोलन र माओवादीहरूको धारणा शिरोधार्य गर्ने सात दलसहितको २०६३ सालको आन्दोलनबाट नेपालको संविधान, २०७२ आएपछि देशमा गणतान्त्रिक अर्थात् राजा, राजसंस्था नभएको बहुदलीय संसदीय व्यवस्था अर्थात गणतन्त्र हाल देशमा चलिरहेको छ । देशमा हाल पूर्ण प्रजातान्त्रिक व्यवस्था छ । आधुनिक प्रजातन्त्रमा हुनुपर्ने सम्पूर्ण गुण र विशेषताहरू हाम्रो संविधानले समेटेका छन् । संसारभरका कुनै पनि लोकतान्त्रिक मुलुकको संविधानभन्दा हाम्रो संविधानमा कुनै पनि कुराको कमी जरूर देखिँदैन । तसर्थ नेपालमा संविधानतः पूर्ण प्रजातान्त्रिक व्यवस्था छ ।समस्त नेपालीले दशकौँदेखि यो व्यवस्था देखी भोगी आएकोले यो कसरी चलिरहेको छ त्यसको अनुभव सबै जनतालाई छ ।

हामी सबैलाई थाहा छ, नाममा जुनसुकै नामको प्रजातन्त्र वा लोकतन्त्र भए पनि सो व्यवस्थामा देश र जनताको कल्याणका लागि हुनुपर्ने मुख्य कामकुराहरू हुन्–देशको विकास, पर्याप्त रोजगारी, खाना, स्वास्थ्य, शिक्षा र आश्रयको सुविधा, मुख्यतः समानता, स्वतन्त्रता तथा न्यायनिसाफको निष्पक्ष व्यवस्था । हामीलाई थाहा छ, प्रजातन्त्रमा शासन प्रशासनका सबै निकाय–निजामती, प्रहरी, सेना, सबै क्षेत्रका राष्ट्रसेवकहरू, लोकसेवा आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, न्यायसेवा आयोग, न्यायालयहरू वा विश्वविद्यालयजस्ता शैक्षिक संस्थाहरू आदि सबै क्षेत्रका पदाधिकारीहरू नियम कानून अनुसार आफ्नो अधिकार क्षेत्रभित्र कसैको दबाब वा प्रभावविना पूर्ण स्वतन्त्र रूपमा, बिना डरभर निष्पक्ष रूपमा काम गर्न सक्ने वातावरण मुलुकमा हुनुपर्छ । कार्यान्वयनमा यी कुराहरूबिना प्रजातन्त्र संविधानमा मात्र हुन्छ । व्यवहारमा हुँदैन ।

प्रजातान्त्रिक व्यवस्था र अलोकतान्त्रिक शासन

तर नेपालमा नेपालको संविधान, २०४७ लागू भएदेखि देशमा पूर्ण प्रजातान्त्रिक व्यवस्था रहेको भए पनि यो व्यवस्था सरकारमा रहेको दल, यसका नेता र कार्यकर्तारूका लागि मात्र हुन गयो । व्यवहारमा मुलुकमा अलोकतान्त्रिक शासन मात्र चलिरहेको र देशमा अव्यवस्था र जताततै भताभुङ्गको अवस्था रहेको सर्वत्र चर्चामा रहेको छ । २०४७ सालदेखि सरकारमा रहेका कुनै पनि दल र त्यसको सरकारले प्रजातान्त्रिक संस्कार, आचार र व्यवहार नदेखाई अलोकतान्त्रिक शासन मात्र जनतासमक्ष प्रदर्शन गरेको भन्ने भनाइ पनि मुलुकमा उत्तिकै व्याप्त छ । उनीहरूका लागि प्रजातन्त्र हात्तीको देखाउने दाँतजस्तो मात्र भएको, तर उनीहरूको मुटु र रगतमा देश र जनताभन्दा आफ्नो दल, आफ्नो समूह, आफू र आफन्तवाद मात्र रहेको कुरा व्यवहारले स्पष्ट गरेको भन्ने जनगुनासो पनि मुलुकमा कम छैन । उनीहरूका लागि प्रजातन्त्र विधिको शासन नभई सरकारमा गएको दल र नेताहरूले बिना कसैको डरभर, बिना कसैको नियन्त्रण जे मन लाग्यो त्यही गर्ने शासन व्यवस्था भएको र यसैका लागि मात्र उनीहरूलाई राजा बिनाको देश, नियन्त्रण बिनाको देश अर्थात् गणतन्त्र देश चाहिएको रहेछ भन्ने भनाइ पनि हाल उत्तिकै देखिन्छ ।

हुन पनि यस अवधिमा समानता, स्वतन्त्रता, निष्पक्ष न्याय र शुद्ध पवित्र शासन प्रणाली स्थापनार्थ हुनुपर्ने विधिको शासन प्रणालीका लागि स्थापित र सञ्चालित शासन प्रणालीका सबै स्वतन्त्र निकायहरू अर्थात् निजामती, प्रहरी, सेना, न्यायालय, शैक्षिक संस्थादेखि सम्पूर्ण सँवैधानिक अङ्गका निकायहरू जुन दलको सरकार आयो, सो दल र नेताहरूका कठपुतली हुनुपर्ने व्यवस्था गरेको, रहेको कुराले जनताको भनाइ स्पष्ट गर्दछ । यस अवधिमा मुलुकमा देखापरेका र विना डरभर गरिएका नीतिगत भ्रष्टाचारदेखि अनगिन्ती अरू भ्रष्टाचार काण्डहरू, यस सम्बन्धमा दायर गरिएका धेरै मुद्दाहरू र इनाम सापकोटा प्रकरण बाट हाल चर्चामा रहेका बिचौलिया, विभिन्न सेटिङ्गस र न्यायालय सम्म प्रभाव र नियन्त्रण भएका आदि सम्पूर्ण घटनाहरूले अझ झन् यहाँ विद्यमान अलोकतान्त्रिक भ्रष्ट शासनलाई उदाङ्ग पारेका छन् । यसैले हाम्रो मुलुकमा प्रजातन्त्र सरकारमा रहेको दल र यसका नेता र कार्यकर्ताहरूका लागि मात्र भएको, देश र जनताका लागि मुलुकमा कुशासन अर्थात् अलोकतान्त्रिक शासन मात्र रहेको र देशको बहुसङ्ख्यक जनता अधिकारविहीन, सुविधाविहीन भई ठूलो दुःखपीडामा रही काम, माम र रोजगारीका लागि विदेश पलायन हुन परेको कुरा स्पष्ट छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको उदय र वर्तमान सरकार

यसैको फलस्वरूप जनताले यसको विकल्प खोज्दै थिए । यसैको परिणाम स्वरूप नेपालमा अचम्मले आश्चर्यरूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीको हाल मुलुकमा सरकार छ । देशमा रहेको प्रजातान्त्रिक व्यवस्थालाई व्यवहारमा पनि प्रजातान्त्रिक बनाउन अर्थात् मुलुकमा विद्यमान अलोकतान्त्रिक शासन प्रणाली हटाउन यसको सरकार दिलोज्यानले ठूलो साहसका साथ शीघ्र गतिमा अग्रसर भएको पनि देखिन्छ । तर यो सरकारको मूल्याङ्कन गर्ने बेला जरूर भएको छैन । यसको सफलताको कामना सबै देशप्रेमीले गर्नुपर्ने नै देखिन्छ ।

पञ्चायती व्यवस्था र वर्तमान बहुदलीय व्यवस्थाको अनुभव र तुलना गरेपछि, नेपालको बहुदलीय लोकतन्त्रले वास्तवमा पञ्चायती व्यवस्थाभन्दा राष्ट्रिय हितमा बढी काम गरेको छ कि छैन भन्ने प्रश्न मेरो मनमा झन् गम्भीर रूपमा उठ्न थालेको छ । बहुदलीय व्यवस्थाअन्तर्गत देखिएको स्वार्थकेन्द्रित राजनीतिक नेतृत्व, निरन्तर सत्तासंघर्ष, जताततै भ्रष्टाचार मात्र तर निस्मक्ष शासन र सुशासनको अभाव र मुलुकको दुरावस्था हेर्दा, यो प्रश्नमा गम्भीरतापूर्वक विचार गर्न आवश्यक छ भन्ने मलाई लाग्छ । हुनत भ्रष्टाचार र कुशासनको विरोध गर्ने जति प्रतिगामी भनिने हाल मुलुकमा वातावरण छ । तर पनि अन्तस्करणले देखेको सत्य नबोल्नु आफैप्रति बेइमानी गर्नु जस्तो मलाई लाग्दछ ।

लोकतन्त्रलाई एउटा राजनीतिक व्यवस्थाका रूपमा बुझ्नु र व्यवहारमा लोकतान्त्रिक शासन सञ्चालन गर्नु दुई फरक कुरा हुन् । नेपालमा यही भिन्नता विशेष रूपमा विचारणीय छ । लोकतन्त्रलाई व्यवहारमा दलतन्त्रको रूपमा परिणत गर्नसक्नुको कारण के के हुन? यो गर्न नसक्ने बनाउन संविधान, ऐन, कानून, नियम, विनियम आदि कहाँकहाँ के के सुधार गर्नुपर्छ भन्ने विषयमा राम्रो अध्ययन गरी सो कुराको राम्रो व्यवस्था नगरेसम्म हालको लोकतन्त्र जुनदलको सरकार भयो त्यसैको तन्त्रकोरूपमा चलिरहने निश्चित छ ।

जबसम्म सही प्रजातन्त्रको सत्यबोध जनतामा हुँदैन, जबसम्म सरकारमा रहेको दलको आफन्तवाद नै प्रजातन्त्र भन्ने बुझाइ दल र यसका नेता,कार्यकर्तामा रहन्छ, जबसम्म जनता यसको विरोधमा चर्को आवाज उठाउँदैनन्, जबसम्म दातृराष्ट्रहरूले भ्रष्टसरकारलाई पनि टेवा दिइरहन्छन् त्यस समय सम्म देशमा नक्कली प्रजातन्त्र युगयुगान्तरसम्म चलिरहने नै स्थिति हाम्रो मुलुकमा देखिन्छ । यस्तो नहोस्, म कामना गर्दछु । मेरो जीवन अवधिमै मुलुकमा सक्कली प्रजातन्त्र देख्न पाइयोस्, म कामना गर्दछु ।

लेखक परिचयः अङ्ग्रेजी भाषाको पुस्तक NepalM Between Beauty and Struggle (नेपाल: सौन्दर्य र संघर्षको बिचमा) लगायत नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा धेरै लेखहरूका एक गैर-दलीय लेखक, विभुवन विश्वविद्यालयका निवृत पदाधिकारी तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक ।

narayanshanti&70gmail.com



रारा ताल, स्वर्गजस्तै

पृथ्वीमा स्वर्ग । स्वीट्जरलेण्ड । प्राकृतिक सुन्दरता हेर्नुछ भने रारा ताल हेर्दा हुन्छ । हिउँले सेताम्मे बने दृश्य मनमोहक छ । रारा आसपासका हिमालः मुगुमा हिमपात । पर्यटन उद्योगीहरूले प्रवर्द्धन गर्नुपर्छ, राज्यको ध्यान जानैपर्छ ।

यस्ता स्वर्गीय स्थानहरू नेपालमा कति छन् कति ? तिनको सदुपयोग गरेर पहुँचमार्ग र सुरक्षा दिनसके नेपालले रेमिटान्समा भर गर्नुपर्दैन । रोजगारी यहीं सिर्जना हुनसक्छ ।

कुनै दलले सरकारलाई सुझाएको छैन । सत्ता राजनीतिको चलखेल र एकदोस्रालाई छिर्की हानेर गन्दा राजनीतिले धेरै वर्ष खेर गएको छ । अब त जनताले काम गर्ने सरकार दिएका छन्, तिनलाई सुझाउन, सघाउन सके नेपालमा पर्यटन विकासको ढोका खुल्नसक्ने थियो । यदि अझै पनि सत्ता राजनीतिमै पार्टी नेताहरू लागे भने आउने चुनावमा जनताले अर्को कठोर निर्णय गर्नसक्छन्, सोचौं, जनतालाई बुझौं ।

हो, मुगु र उच्च पर्वतीय क्षेत्रमा हिउँ र वर्षा हुँदा अहिले चिसो बढेको छ, स्थानीयवासी प्रभावित हुनपुगेका छन् ।

हिमपात हुँदा वा नहुँदा पनि यस क्षेत्रको दृश्यावलोकन भने साह्रै नै चित्ताकर्षक हुने गर्छ । सहज पहुँच र सुरक्षा प्रबन्ध गर्नसके पर्यटनले यो क्षेत्रको विकास छिट्टो हुनसक्छ ।

हिउँ परेपछि रारा क्षेत्र निकै मनमोहक देखिन्छ । गमगढी हावापानी मापन केन्द्रका अनुसार केही हप्ताअघि मुगुमा ३९.८ मिलिमिटर हिमपात र वर्षा रेकर्ड गरिएको थियो । केन्द्रकी नम्रता मल्लका अनुसार मौसममा आएको तीव्र परिवर्तनसँगै गमगढीमा चिसो अत्यधिक बढेको र बालबालिका, वृद्धवृद्धा तथा विरामीहरू बढी प्रभावित भएका छन् । जनताका दैनिक कार्य प्रभावित भएका थिए ।

हिमपातले विशेष गरी मुगुम कार्मारोड गाउँपालिकाका डोल्फु, मुगु, ताखा, खार्री, दाउरा, पुअ, सेरोंग, किम्मी मह, माझी, पाँपु र चिमात लगायतका गाउँबस्ती र वस्तुभाउ चरनमा समस्या भएको थियो । प्रशासन र सुरक्षा निकाय भने यस्तो बेला सतर्क रहने गरेको छ ।

- रतन बहादुर रावल, मुगु

सामाजिक विकास समाजद्वारा १८ कानुनविद सम्मानित

तिहारको छेको पारेर सामाजिक विकास समाजले १८ कानुनविदहरू सम्मानित गरेको थियो । दीपेन्द्र श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रम समाजका अध्यक्ष ओम उप्रेतीको सभापतित्वमा भएको थियो । कार्यक्रममा समाजको उद्देश्यलाई सार्थक तुल्याउन कानुनी क्षेत्रबाट अतुलनीय सहयोग, महत्वपूर्ण योगदान, निःस्वार्थ सेवा तथा संस्थागत हितप्रतिको समर्पणको मूल्याङ्कनमा सम्मान गरिएको थियो ।

सम्मानित हुनेहरूमा वरिष्ठ अधिवक्ताहरूमा क्रमशः कृष्णप्रसाद भण्डारी, विश्वकान्त मैनाली, हरिहर दाहाल, सतिशकृष्ण खरेल, वीर्णबहादुर कार्की, तुलसी भट्ट, मात्रिकाप्रसाद निरौला, हरिश्चन्द्र सुवेदी, प्राडा. लक्ष्मीप्रसाद मैनाली, शंकर सुवेदी, विमल सुवेदी, हरि फुयाल, केदारप्रसाद दाहाल, बाबुराम दाहाल, सतिशकुमार भा, गुरूभक्त निरौला र रक्ष रैका मगर रहनु भएको थियो । उहाँहरूलाई प्रमुख अतिथि श्रेष्ठ, अध्यक्ष उप्रेती, माननीय शान्ता ढकाल, पूर्व सचिव माधव रेग्मी र पूर्व न्यायधीश युवराज सुवेदीलगायतले सम्मान गर्नु भएको थियो ।

सम्मानितहरूलाई प्रदान गरिएको सम्मानपत्र वाचन समाजका सदस्य राधेश्याम लेकालीले गर्नु भएको सो कार्यक्रममा समाजका उपाध्यक्ष गोपालकृष्ण गडत्तौलाले स्वागत गर्नु भएको थियो । कार्यक्रमको सहजीकरण समाजका महासचिव रक्ष रैका मगरले गर्नु भएको थियो ।





गोरखाका गणेशराज वस्ती देशका ७७ जिल्ला र दर्जनौं विदेश भ्रमण गरिसकेका लेखक हुन् । उनले हाम्रोजस्तो अविकसित देखि आधुनिक सभ्यतासम्म देखेर र भोगेर दर्जनौं पुस्तकहरू लेख्नुभएको छ । त्यसैको एकांश हो- सूक्तिसङ्ग्रह ।

प्रा.डा. वासुदेव त्रिपाठीले लेखकलाई अति उच्च सामर्थ्यवान सूक्तिकारको यो पुस्तक सूक्ति सम्पदाको रूपमा व्याख्या गर्दै यो सूक्तिसङ्ग्रहको आद्योपान्त पठन र मननका निम्ति समुच्चा पाठक समुदायलाई हार्दिक आह्वानसमेत गर्नुभएको छ ।

ठडियो, मरीचमानसिंहको सालिक



पञ्चायती प्रधानमन्त्री भनेर बहुदलवादीहरूको मर्नुपूर्व र मरेपछिसमेत निषेध र विभेदमा परेर मृत्युवरण र राज्यअपमान बेहोरेका व्यक्ति हुन् । अहिले आएर मरीचमान सिंहको सम्झना धेरैलाई आउने गरेको छ, देशभक्त मदैन भन्ने मनन गरिएको छ । नेपालका २७औं तथा पञ्चायती व्यवस्थाका अन्तिम प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठको सल्यानको श्रीनगरस्थित मरिचमान चोकमा शालिक स्थापना गरिएको छ । सल्यान दृष्टिकोणको कुपिण्डे सम्मेलनले २०७९ सालमा यो चोकको नामकरण गरेको थियो । मरीचमान सिंह श्रेष्ठ देशभक्त थिए, त्यसैले विदेशमा मर्नुभन्दा स्वदेशमै मर्छु भनेर विदेशी अस्पतालबाट नेपाल फर्केका थिए र २०७० साउन ३० गते काठमाडौंको नर्भिक अस्पतालमा उनको निधन भएको थियो ।



विनयकुमारको बोध



अरूणबहादुर खत्री

विनयकुमार शर्मा नेपालको बोध नामक निबन्धसङ्ग्रह २०८२ वैशाखमा प्रकाशित भएर पाठकमाझ आएको छ । यसभित्र उनीद्वारा लेखिएका छोड्नु कि समात्नु ? मृत्यु दुःख कि उत्सव ?, ध्यान, कविता र सम्भोग सूत्र, को कति महान् ? लगायत विभिन्न शीर्षकका दशवटा निवन्धहरू राखिएका छन् । यस सङ्ग्रह भित्रको छोड्नु कि समात्नु ? शीर्षकको पहिलो निवन्धमा प्रकारान्तरले गरिने परिशोधनको प्रक्रिया छाड्ने हो भने जसरी फालेको चुरोटको धुँवा फर्केर पुनः तान्न सकिन्न, जसरी फालेको मलमूत्र फेरि शरीरभित्र हुल्न सकिन्न वा जसरी त्यागेको वा दान दिइएको धन पुनः फर्किन्न त्यसै गरी कुनै पनि वस्तु वा भावलाई पुनः पुनः ग्रहण नगर्ने वा वस्तु वा भावबाट पूर्ण रूपले मुक्त रहनु मात्र छोड्नु हो भनेर व्याख्या गरिएको छ । मृत्यु दुःख कि उत्सव ? शीर्षकको निवन्धमा शाब्दिक अर्थमा मृत्यु मरण, निधन, स्वर्गवास, देहपात, देहवसान, काल, यमराज, विधि, ब्रह्मा, विष्णु, माया, कलि, कामदेव भनिने गरिएको छ र अर्थ परिभाषा काल अनुसार थपघट हुन पनि सक्छ र नहुन पनि सक्छ, मरण साहित्यशास्त्र अनुसार मरणासन्न हुने एक व्यभिचारी शब्द हो भने निधन नाश, विनाश, सखाप, समाप्ति र अन्त हो भनेर लेखिएका छन् ।

ध्यान, कविता र सम्भोग सूत्र शीर्षकको निवन्धभित्र ध्यान शब्द र ध्यानको विधि सनातनबाट संस्कृत भाषामा वेद, पुराण, उपपुराण, ब्रह्मण, अरण्यक, उपनिषत्मा प्रशस्तै पाइन्छ । तिब्बत वा चीनमा परम्परागत हुर्कदै कोरिया, जापान, थाइल्याण्ड, भियतनाम आदि देशहरूमा आ-आफ्नै हिज्जे र परम्परामा चल्दै आएको लाओज्म (दर्शन) भित्र निक्कै ध्यानका च्यान, भ्यान वा झेन कविताका रूपमा साहित्यहरू पनि लेखिदै आएको पाइन्छ । ध्यान शब्द काल, परिवेश र हिज्जे अनुसार चीन, जापान तथा कोरियामा झेन, भ्यान वा च्यान शब्दको रूपमा स्थापित भएको सर्वविदितै छ भनेर शर्माले लेखेका छन् ।

जीवनका अनेक अलमलाईमा निस्केका विचारहरू मस्तिष्कमा जम्मा नपारी एकै बसाईमा पोखिएका, फर्केर नहेरिएका दशवटा निवन्ध शर्माले यहाँ समावेश गरेका छन् । यो निवन्धसङ्ग्रह एकैदिनमा पढेर सकिनेछ । यसभित्रका निवन्धहरू सरल भावका छन् ।

को कति महान् शीर्षकको निवन्धमा कतै यो महान् शब्दले पनि वस्तु वा व्यक्तिको सत्यता, वास्तविकता ढाकिरहेको त छैन ? कुनै जाति, वर्ण, समुदाय वा व्यक्तिले महान् भनिदिएकै भरमा सबैले महान् मानिदिनु पर्ने कुरा कति न्यायपूर्ण होला ? म बडो आसमञ्जस्यमा छु । हुन सक्छ म जस्तो चिन्तन स्वतन्त्र मान्छे सबै असमञ्जस्यतामा डुबेका छन् भनेर शर्माले लेखेका छन् ।

उच्चताबोध र लघुताबोध शीर्षकको निवन्धमा बोध हुनु भनेको सुनेको वा पढेको कुरा बुझ्न सक्ने क्षमता वा सीप वा कामको हेक्का रहनु हो, ज्ञान वा समझ रहनु वा हुनु हो । बोध सान्त्वना वा धैर्य पनि हो । विधय वा वस्तुको विद्यमानताको आभास वा अनुभूति पनि बोध हो । यो यस्तो हो र हुनुपर्छ वा गर्नुपर्छ भन्ने समझ वा ज्ञान नै बोध हो भनेर बोधको बारेमा वर्णन गरिएको छ ।

ताली र गाली शीर्षकको निवन्धमा ताली र गाली सुन्दा उस्तै र सरल लागे पनि दुईको अर्थान्तर निकै फरक छन् । दुवैका अनगिन्ती प्रकार, शैली र गुढार्थ छन् । दुवैका अनेकौ अनेक लाक्षणिक अर्थ छन् । सबै अर्थको विन्यास सायदै तपाई एकैपल्ट सम्झन र गर्न सक्नुहुन्न । यी दुवै चाहेर वा नचाहेर नै तपाईका मनको भाव, समय, परिस्थिति, परिवेश, अवस्था, घटना र चित्तवृत्तिबाट फुत्त फुत्त निस्कने कुरा हुन् भनेर वर्णन गरिएको छ ।

तपाई स्वार्थी कि निस्वार्थी ? शीर्षकको निवन्धमा सभ्यताको आरम्भदेखि नै जीवले अर्को जीवलाई लुट्नेर, चुसेर, मारेर बाँचेका न हुन् ? अहिले पनि तपाईलाई कसले पो छाडेका छन् र ? सरकारले उठाएका अनेक किसिमका कर, अन्तशुल्क, सेवाशुल्क के हो ? ब्याज के हो ? तँ यति काम गरिदे, काम गरे वा सहयोग गरे वापत यति सेवाशुल्क, प्रयोग खर्च वा ब्याज लिएर यति कर तिर भन्नु चुस्नु होइन भनेर लेखिएका छन् ।

होश र बोध शीर्षकको अन्तिम निवन्धमा तपाई मलाई संस्कृत नामवाचक बोध र फारसी नामवाचक होश शब्दलाई गोलमटोल एकै ठाउँमा जोड्नुको के तुक ? भन्नुहोला । दुवै पर्याय जस्तै त हुन् भनेमा समेत म दुईमत नराखौला किनकि यो ब्रह्माण्डमा विद्यमान हरेक तत्वको केही न केही, कही न कही सम्मिलन छ । फेरि तपाईले दुवैको आआफ्नै मौलिक परिभाषा छन् भने पनि म सकारात्मक नै बनिदिउला किनकि यो सृष्टि संरचनाभित्र हरेक तत्व तत्वको केही न केही आफ्नै गुणहरू छन् भनेर वर्णन गरिएको छ ।

कृतिः बोध (निबन्धसङ्ग्रह) लेखकः विनयकुमार शर्मा नेपाल
संस्करणः २०८२ वैशाख, मूल्यः रू.१५०

जिन्दगीको बाटो लामो घुम्ति धेरै थिए

अँध्यारोसँग कहिल्यै कुनै भर हुँदैन
उज्यालोको नाम गोत्र र थर हुँदैन
जहाँ बाल्छौं छर्छ उहीं ज्योति जसले
प्रकाश हो ऊ, तर आफ्नो घर हुँदैन ।

- गीताश्री शर्मा

न्यायले जनताको विश्वासमा छुरा धसेपछि
न्यायालय नै जनताको नजरबाट खसेपछि
कुन प्रत्याभूतिको आधार खोज्ने जनताले,
कानुन आफै अन्यायको जेलमा फसेपछि ।

- अर्जुन अधिकारी

उनि भएरै हरपल मन्दिरमा, हरेक प्रहर चल्छ
चरिको चिरविर सखारै, ध्वनिको लहर चल्छ
चहेर बृक्ष वरपर जव गड्गड़ आवाजले घुम्छे
तानेर लंगुर विहानै बराबर ध्वनि कहर चल्छ ।

- चन्द्रकला आचार्य

विहान उठ्दा निदाइलो देखिन्छ आँखा तिम्रो
त्यो घडी देखिन्छ अनुपम तेजिलो मुहार तिम्रो
ए हजुर ! तिम्रो नजर मेरै नजरमा हराउने गर्छ
त्यसैले लाजले झुक्ने गर्छ ती दुवै आँखा तिम्रो ।

- कृष्ण बी थापा









मन्चबाट विपक्षीलाई घण्टौंसम्म गाली दिन्छन्
आज्ञाकारी छोराछोरीले पररर ताली दिन्छन्
खासै तुक हुँदैन नेताको भाषण र हाउभाउमा,
कार्यकर्ता थुम्थुम्याउन भोटे तुरूप फाली दिन्छन् !

- शंकर ज्ञवाली

जिन्दगीको बाटो लामो घुम्ति धेरै थिए
घुम्ति पिच्छे फरक फरक कथा मेरै थिए
बाधा अड्चन दुख आसु पिडा कति कति
सबै मिली भन्दा रैछन् गल्ति तेरै थिए !

- पुष्पा केसी भण्डारी

भगवान तिमी त म भन्दा गरिब रछौ
सोच्थे सबैको मनमा वस्ने सरिफ रछौ
दुखी लाई दुख दिने नहुने सङ ऋण लिने
तिमी त सम्पन्नता सङग पो करिब रछौ ।

- तारा आचार्य

खुकुरी सुरक्षित हुन्छ दाप लागेपछि
खाना पाक्छ भाँडोमा राप लागेपछि ।
जथाभावी लगाउने हैन होला पक्कै
खनयोग हुन्छ मासु छाप लागेपछि ।

- उत्तम भेटवाल







आज इलाम नगरपालिका, इलाम विकास समाजले इलामको नालीबेली पुस्तकको लोकार्पण कार्यक्रम राखेको छ । इलामसम्बन्धी पुस्तक भए पनि यसको लोकार्पण अनामनगरमा हुनेछ ।





Jesus Wept: Pacific Forum endorses Israe



सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np



नेपाल–भारत सम्बन्धमा नयाँ आयाम

नेपालमा युवा नेतृत्वको सरकार आएपछि छिमेकी भारत र चीनले सम्बन्धलाई नयाँपन, न्यानोपन, समानतापन दिन प्रयास थालेको अनुभूति गर्न सकिन्छ । भारतले नेपालको युवा नेतृत्वको सरकारलाई मनाउन लामै प्रयास गरेपछि प्रम बालेन साह भारत भ्रमणमा गए, उनलाई ऐतिहासिक सम्मान दिएर हार्दिकता र खुला रूपमा दुई देशबीचका समस्याहरूबारेमा जुन प्रकारले बहसको सुरूआत भएको छ, त्यो नेपाल र रत दुबै मुलुकका लागि हितकारी त भएकै छ, विश्वले देख्दा पनि भारतले साना छिमेकप्रति उदारताको नीति अख्तियार गर्न थालेको बुझ्न सकिन्छ ।

नेपाल भारतबीच सुमधुर सम्बन्ध छ भनिन्छ तर नेपालप्रति भारतको शोभनीय र सभ्य व्यवहार देखिदैन । यसको मूल कारण १९५० को सन्धि र बहुदलकालमा भारतले नेपालमाथि थोपरेका सहमति र समझदारीहरू हुन् । जसका लागि बहुदल र लोकतन्त्र कालका शासकहरू जिम्मेवार रहेका छन् । तथापि नेपालले विराशतमा प्राप्त भारतीय अतिवाद, हस्तक्षेप र अतिक्रमणवादलाई सच्याउन आग्रह गरेको छ र भारतले पनि नीति बदलेको व्यवहार देखाएको छ । अहिलेसम्म भारतले एकहातले दिएजस्तो गर्ने र अर्को हातले लुट्ने जुन प्रवृत्ति नेपालमाथि भारतको सदावहार नीति रहेको थियो, अब त्यो रोकिनुपर्छ । रोक्ने छनक देखाएको छ । नेपालको युवा नेतृत्वको सरकारप्रति भारत सजग देखिन्छ । जेनजी विद्रोहपछि बनेको युवा नेतृत्वको सरकार आन्तरिक रूपमा धेरै सुधार गर्दैछ भने कूटनीतिक रूपमा पनि सुधार ल्याउन चाहन्छ । यसका लागि प्रम बालेन साहले भारतको भ्रमण गरेका हुन् । मूल कुरो सबैसँग समानताका सम्बन्ध राखेर अंखामा आँखा जुधाएर अघि बढ्ने जुन हिम्मत प्रम बालेन साहले देखाएका छन्, यसको अन्तर्य भारतले बुझ्न ढिला गरेको छैन । समय बदलियो, समानताको तोड छैन भन्ने भारतले मनन गरेको छ, यसको दृष्टान्त यसपल्टको प्रम बालेनको भारत भ्रमणलाई लिन सकिन्छ ।

नेपालको राजनीतिक परिवर्तन र ३५ वर्ष युवालाई नेपाली जनताले दिएको ऐतिहासिक जनादेशबाट विश्व चकित छ । पुराना नेताहरूलाई जनताले पन्छाइदिएका छन् । अब नेपाल नीतिमा परिवर्तन ल्याउनैपर्छ भन्ने भारतले सोच्यो र नयाँ दिल्लीको विदेश नीति क्षेत्रका कूटनीतिज्ञ, विद्वान र थिंकट्यांकहरू प्रधानमन्त्री बालेन्द्र शाहको अलग तौर तरिकाबाट चकित छन् । नेपाल र नेपाली नेताहरूप्रति नयाँ दिल्लीको लामो समयदेखिको दबदबा र आदेशात्मक-उपदेशात्मक व्यवहारलाई भारतले सच्याएको छ । बालेन्द्र शाहको अनावश्यक ठानेमा पन्छाउने र देशहितमा छ भन्ने लागेपछि आत्मसात गर्ने परिपक्व नेपालवादी कूटनीतिले भारतको टाउको घुमाइदिएको छ । शायद युवा नेताले भारतका सामु राजा महेन्द्रपछि पहिलोपल्ट शिर उठाएर छलफल गरेका छन्, सम्बन्धलाई नयाँ र नेपालीपन दिएका छन् ।

नेपालको नयाँ राजनीतिक र कूटनीतिक शैलीले भारतमा कति छाप छोड्न सक्यो, सम्बन्धलाई नयाँपन र स्थिरता दिन सक्यो सकेन, त्यसको नतिजा आगामी दिनमा देखिदैजाला । प्रम बालेनप्रति आन्तरिक राजनीतिमा प्रतिपक्षीले जतिसुकै आलोचना गरे पनि त्यसको कुनै अर्थ रहेन भन्ने कुरा प्रम बालेनले भारतसँग सम्मानजनक संवादबाट दुबै मुलुकबीच रहेका सीमादेखि सबै प्रकारका विवादहरूको अन्त गर्ने ढोका खोलेबाट बुझ्न सकिन्छ । भारतले बुझ्यो कि नेपालको आन्तरिक राजनीतिले काँचुली फेऱ्यो, पुराना पातहरू झरे, नयाँ पातहरूहरू हरियाली भएका छन्, नेपालको राजनीति स्थिर हुनथालेको छ । यही स्थिरताले सम्बन्ध सुधारिदैछ, अब नाकाबन्दी अथवा यस्ता तिक्तताहरूको आवश्यकता पर्नेछैन । हिजोका राजनीतिक हस्तीहरूले भारतको काखमा खेल्दै खादै दुई देशबीचका मुहारू विस्तार गर्दैलेगे, १९५० को सन्धिदेखि इपीजीको रिपोर्टसम्म पनि भारतले बुझ्न चाहेन । नेपालमा जे गरे पनि हुन्छ भन्ने विकसित भारतीय मनस्थितिले समस्या बढाउँछ भन्ने भारतले प्रम बालेनको यही भ्रमणबाट बुझेको हुनुपर्छ । आउने दिनहरू नेपाल भारतको सम्बन्धको नयाँ र सम्मानित श्रृङ्खला सुरू भयो भन्दा हुन्छ ।

बालेन : स्थिरताको तोड कि राजनीतिक मोड

बालेन साह प्रधानमन्त्री बनेको ८ महिना भयो । अराजनीतिक बालेनको कार्यकालमा नेपालको राजनीति कृष्णभीरको सुख्खा पहिरोभन्दा खतराक मोडमा छ । गत भदौ २३ र २४ को जेनजी विद्रोहले लोकतान्त्रिक नेता र व्यवस्था दुबैको ढाडको हाड नै भाँचिदिएको थियो । त्यसपछि फागुन २१ को निर्वाचनमा जनताले रास्वपालाई ऐतिहासिक मतादेश दिए, त्यही मतादेशले बालेन साहलाई प्रधानमन्त्री बनाएको हो ।

जनादेशले नयाँ पुस्तालाई शक्तिशाली बनायो, सरकारलाई जनतापति उत्तरदायी, सक्षम र प्रत्यक्ष वा अप्रत्यक्ष सबै प्रकारका रणनीतिक चुनौतीको सामना गर्ने शिरोभारो सुम्पेको छ । यसकारण प्रम बालेन साह शक्तिशाली छन् ।

८ महिनामा नतिजा आउने कुरा थिएन, आएको छैन । हो, संकेतहरू देखिएका छन् ।

यो अवधिमा प्रम बालेनको इमान डगमगाएको छैन ।

तथापि प्रश्न छ, रास्वपाले जनतासँग जिम्मेवार बन्ने करार गरेको थियो, घोषणापत्रमा परिवर्तन गर्ने प्रतिवद्धता थियो । पार्टी सभापतिले भनेकै हुन्- आमा, बालेनले देश बनाउँछ ।

यो वाचा पूरा गर्नेतिर प्रम बालेन अग्रसर देखिन्छन् । चुनाव जितेपछि हुने हाहा हुहु, उद्घाटन, स्वागत, भाषण, सुरक्षाको लावालस्कर, सलामीको क्रम भइग भएका छन् । अनावश्यक रूपमा भीड बोकेर विदेश जाने, मौका परे नागरिक बेचेर आउने, राष्ट्रिय दुकुटी उडाउने निरन्तरता पनि बन्द भएका छन् । अमेरिका पुगेर ८ घण्टामै फर्कनु, भारत भ्रमणमा जाँदा २५ घण्टामा औपचारिक कार्यक्रम सम्पन्न गरेर फर्कनु र राष्ट्रसंघमा जुन प्रकारले प्रम बालेन प्रस्तुत भए, त्यसले नेपालको शिर उठेको छ । ८ महिनाको बालेन सरकारको विधि व्यवहारले रूपान्तरणका झिल्का र झल्काहरू देखिएका छन् ।

प्रधानमन्त्रीले भनेकै हुन्- पहिलोवर्ष सुशासनको वर्ष । भ्रष्टाचारको जरा र शासनसत्तामा लागेका ऐंजेरू छिमोल्ने क्रम तीव्र रूपमा अघि बढेका छन् । दोषीलाई कानुनी दायरामा ल्याउने जिम्मेवार पूरा गर्न अदालत नै विचौलियाको प्रभावमा परेको घटनाक्रमले सरकारलाई गाह्रो परेको छ । लघुवित्त, सहकारी ठग, मिटरब्याज, जनयुद्धपीडित र सुकुमवासीहरूको व्यवस्थापनमा ढिलासुस्ती भएको छ । छिटोभन्दा छिटो भोटेकोशी र अन्य वाढीपहिरो पीडितको व्यवस्थापन गर्दै पूर्वाधार निर्माणमा तीव्रता ल्याउनु छ । काम धेरै छन्, काम गर्न तगोरो हालिरहेका छन् प्रतिपक्षीले । जसरी पनि बालेन सरकार ढाल्न र रास्वपा फुटाउन पाए सत्तामा पुग्न सकिनेथियो भनेर बुढा नेताहरू असन्तुष्टिलाई सडक आन्दोलनको साँचोमा ढाल्ने प्रयास गरिरहेका छन् ।

राजनीतिक यथार्थ के हो भने- जेनजी विद्रोहको काँडे कोर्रा खाएका पुराना दल र नेताहरू राजनीतिक सन्निपातले सुकेका छन् । अहिलेसम्म यिनीहरू ढोडको तोक्मावाट उठ्न सकेका छैनन् । यिनीहरू सतिसाल वन्न समय लाग्नेछ, त्यतिबेलासम्म बहुदलपछिको चार दशक शासनको रजगज गरेकाहरूको उमेर साथ नदिनसक्छ । यसकारण यिनले दशैं, तिहार, छठपछि देशव्यापी आन्दोलनको आगो बाल्ने भनेर जुन हुँकार गरेका थिए, त्यो हामी पनि छौं भन्ने हाजीरीभन्दा वढी केही होइन, हुने छाँट छैन ।

सत्य के पनि हो भने जसरी नेपोलियनले युद्धका अनेक मोर्चा खोलेका थिए, जसका कारण उनले हार वेहोर्नुपरेको इतिहास जान्नेहरू भन्छन्- बालेन सरकारसँग विद्यार्थी, कर्मचारी, प्रतिपक्षी पार्टी-नेताहरू, सांसदहरू, संवैधानिक निकायमा रहेकाहरू, अदालतका न्यायाधीशहरू, वकिलहरू सबै नै रूष्ठ छन् । अव त प्रम बालेनले कूटनीतिक मोर्चा पनि खोलेका छन्, बढ्दो भूराजनीतिलाई नेपालअनुकूल बनाउने प्रयास पनि थालेका छन् । नेपालको सार्वभौमिकता कमजोर छैन भन्ने देखाउने प्रयास चानचुने साहस होइन । राजनीतिक र कूटनीतिक, आन्तरिक शासनमा समेत सरकार स्वच्छता खोजिरहेको छ, पुरानो सत्ताको नालीमा रमाउनेहरू कारवाहीको घेरामा छन्, रिसाउनु स्वभाविक हो । कतै प्रम बालेनले अनेक मोर्चामा लड्दा लड्दै असफल हुनपुगे भने ? यद्यपि आमनागरिकको साथ ८ महिनाको अवधिमा कमजोर भएको छैन । यसको



बालेन -
स्थिरताको तोड कि राजनीतिक मोड ?

मूल कारण प्रम बालेनमा भएको इमान हो । त्यो इमानले राजकाज, सुशासन, समृद्धि, परिवर्तनको कमान धान्न सक्नुपर्छ, बालेनले सक्छन् भन्ने विश्वास अहिलेसम्म दृढ देखिन्छ, जुन नेपालको राजनीतिक रूपान्तरणका लागि उत्तम मानिएको छ ।

बालेन सरकारले पाएको विरासत, पुरानै ढर्राको छ । यही विरासत परिवर्तन चाहने युवा सरकारका सामु जोखिम र चुनौतीको पहाड पनि हो । पुरानो ढर्राको विरासत र नयाँ युवा सोचका वीच द्वन्द्व चर्कदो छ, परिवर्तनको आधार यही विवादको विजयमा निर्भर देखिन्छ ।

प्रम बालेन इमानको जगमा उभिएर पुस्तान्तरण र रूपान्तरण स्थापित गर्न चाहन्छन् । यसमा जतिसुकै पार्टीभित्र मतभेद, मनभेद र सभापति तथा प्रधानमन्त्रीवीच खट्पट्को प्रचार भए पनि रास्वपाको साथ र सहयोग कायम छ ।

प्रम बालेन सरकारले विधिको शासन वसाल्न र विधिवाट चल्न चलाउन सक्नुपर्छ । सार्वजकि सेवालाई जनताप्रति उत्तरदायी बनाउनुछ । भ्रष्टाचार गर्ने मनस्थितिलाई त्रसित पार्नु छ । नेपोटिजमको अन्त्य र योग्यता, क्षमता, पारदर्शिताको विश्वास जगाउनुछ । देश पहिले, त्यसपछि देशमा जनअपेक्षाअनुसारको सुधार प्रमुख एजेण्डा हुन् । जसको परिपूर्तिमा बालेन सरकारको सफलताको मापन हुनेछ ।

रास्वप नयाँ उदय भएको पार्टी र राजनीतिक शक्ति हो । यो पार्टीको संस्थागत वैधाताका लागि पनि सरकार सफल हुनैपर्ने सर्त हुन् । अव स्थानीय चुनाव सम्पन्न गरेर संविधान संशोधनको प्रक्रया अगाडि वढाउनुछ । यसका लागि सकभर सर्वदलीय सहमति जरूरी छ । जनताले संघीयता चाहेका छैनन्, राजतन्त्रलाई यथास्थान दिनु छ, धर्मनिरपेक्षतालाई हिन्दुराष्ट्रमा फर्काउनुछ । कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपतिको ध्येय पनि यसमा समावेश हुनसक्छ । संविधान संशोधनका लागि व्यापक सहमति निर्माण भए रास्वप राजनीतिक मूलधार वन्नसक्छ ।

पुराना पार्टी, नेताहरूले बालेन सरकारलाई चुनौती दिए भने बालेन सरकारले मध्यावधिभन्दा पनि सुरिए जनमत सङ्ग्रहको निर्णयमा पनि पुग्नसक्छ । प्रतिपक्षीहरू यसैकारण रास्वपा टुक्र्याउने, बालेन र रवि बीच फाटो ल्याउन अनेक दुस्चक्र चलाइरहेको अनुभूति गर्न सकिन्छ । देश रहे, राजनीति गर्न सकिन्छ भन्ने सामान्य ज्ञानसमेत प्रतिपक्षीहरूले भुलेको देखिन्छ ।

राजनीतिक दलहरूवीचको टकराव नेपालको दुर्भाग्य हुनेछ । सरकारको



दायित्व हरेक विमतिमा वहसका लागि जति धेरै छ, प्रतिपक्षीहरूको जिम्मेवारी पनि त्यत्तिकै छ । दुर्घटना हुनुपूर्व हरेकले आफू, आफ्ना पुस्ता र आफ्नो पहिचानप्रति सोच्नु आवश्यक हुनेछ ।

हो, गत फागुन २१ को चुनावमा परम्परागत राजनीतिक दलहरूले जनविश्वास गुमाए । उनीहरू समाप्त भएका छैनन् । वर्तमान राजनीतिक स्वतन्त्रताको युगमा दलहरू समाप्त हुनुहुन्न पनि । मुख्य कुरा राजनीतिक दलहरूवीच राजनीतिक प्रतिस्पर्धा हुनुपर्छ । विभेद, निषेध, प्रतिशोधले ठाउँ पायो भने १२६ जाति, अनेक धर्मसम्प्रदाय मिलेर बसेको नेपालका लागि हिंसा र रक्तपातको विजोरोपण हुनपुग्नेछ, जुन जेनजी विद्रोहभन्दा निकै नै भयावह हृदयविदारक हुनपुग्नेछ ।

बालेन सरकार सचेत छ, सचेत हुनुपर्छ । पुराना दलहरूसँग राजनीतिक प्रतिस्पर्धामात्र गर्नुपर्छ र नयाँ परिस्थिति र परिवर्तनको वाहक आफू र आफ्नै दल हो भन्ने भुल्नुहुन्न । कसरी अस्थिरता न्यून हुन्छ, पार्न सकिन्छ भन्ने हरहमेर सोच राख्नुपर्छ । विपक्षी छन् र आफू सच्चिन र सफल हुन सकिन्छ भन्ने पनि हेक्का राख्नुपर्छ । एकदोस्रालाई खुइल्याउने होइन, आफ्ना निर्णय र कार्यान्वयनको सम्पूर्णतामा सरकारले ध्यान दिनुपर्छ । जसरी संवैधानिक र प्रशासनिक अनुशासन कायम गराउनुछ, त्यसैगरी रोजगारी सिर्जना र युवाहरूलाई सशक्तिकरण पनि गराउनु छ । ४ वर्षमा संसदमा २२ सिट र अहिले झण्डै दुई तिहाईमा फैलिएको रास्वपा र जुद्धशमशेर जवरापछिको ऐतिहासिक सरकार भनेको खेलाची होइन । यो अवसरका लागि जनताले कति विश्वास गरेका रहेछन् भन्ने विषय रास्वपा र प्रम बालेनले बरादानका रूपमा लिनुपर्छ । पुराना शैलीलाई जनताले नकारेका छन्, नयाँ शैलीलाई सकार्ने वातावरण बालेन सरकारको व्यवहारमा निर्भरछ ।

सुरूका दिनदेखि असंवेदनशील बनेका विपक्षीहरूले यतिबेला उत्तजनात्मक र भ्रामक प्रचारवाजीलाई तीव्र पारेका छन् । पजातान्त्रिक स्वतन्त्रताका मापदण्डलाई स्वीकार गरेर सरकारले भ्रमपूर्ण सूचनालाई चिर्दै जनतामा सुसूचित बनाउने दायित्व निर्वाह गर्नैपर्छ । भ्रम चिर्न सकिएन भने राष्ट्रिय समस्या वढनसक्छ ।

भूराजनीतिक जोखिम बढेको छ । उत्तर दक्षिणका क्षिमेकमात्र होइन, पश्चिमी विश्वशक्ति र रूस, युरोपियन युनियन लगायत अनेक अन्तर्राष्ट्रिय मिसनहरू नेपालमा सक्रय छन् । तिनीहरू सुरक्षाका मामिला उठाइरहेका छन् । आतंकवादले चलखेल गर्न पायो भने त नेपालको अस्तित्वमाथि नै खतरा आउनसक्छ । यसकारण नेपालले सुरक्षा रणनीतिलाई पुनर्विचार, पुनर्गठन र सशक्त पार्न गम्भीर हुनैपर्छ । सुरक्षाका सबै पक्षहरूमा सवलता ल्याउन जरूरी छ । नेपालको कुनै शत्रु छन् भने ती नेपालका आफ्नै गरीवी, पछौटेपन र आफैभित्र रहेको साधन, स्रोत, समृद्धिका सम्भावनालाई पहिचान गर्न नसक्नु हो ।

केही महिनाका वीचमा भोटेकोशी वाढी, अतिवर्षा र पहिरो, दिनहुँका दुर्घटनाका घटनाले सचेत रहनुपर्ने समयको संकेत छ । जलवायु परिवर्तनका कारणले नेपाल उच्च जोखिम छ, यसका लागि वाढी पूर्वानुमान प्रणाली सुदृढ गर्न प्रम बालेनले भनेझैं नेपाल, चीन र भारतले संयुक्त प्रयास गर्नैपर्ने देखिन्छ ।

सरकार ८ महिनाको भयो । विस्तारै नागरिकहरूले प्रशासन र कूटनीतिमा सुधारका साथै विश्वसनीय लोककल्याणकारी आधारहरूको खोजी गर्न थाल्नेछन् । रोजगारमुखी अर्थतन्त्र, राजनीतिक स्थिरता र उत्पादनमुखी राष्ट्र नागरिकको चासोमा पर्नेछन् । यसमा वैदेशिक लगानीवृद्धि, उद्योग सञ्चालन, निर्यात जलविद्युत, पर्यटन, उर्जा, सूचना प्रविधि, कनेक्टिभिटी, कृषि, ढुवानी तथा डिजिटललगायतका विविध सेवाहरू पर्नेछन् । रेमिटान्सले अर्थतन्त्र धानेको छ, तर युवा अग्रसर नभएसम्म आत्मनिर्भरता आउनसक्नेछैन, यसमा सवल नीति नागरिक चासोमा पर्नेछ । यो सरकारले पाएको ऐतिहासिक जनादेश रणनीतिक स्वायत्ततामा रूपान्तरण नगरी परिवर्तनको नतिजा आउन सक्नेछैन ।

भारत र चीन नेपालका छिमेकीमात्र होइनन्, नेपालका हरेक विषयका साझेदार पनि हुन् । अमेरिकाजस्ता शक्तिराष्ट्रहरूले नेपालको प्रविधि, लगानी, शिक्षा, विकास सहयोग तथा अन्तर्राष्ट्रिय साझेदारीका माध्यमबाट नेपालको प्रगतिमा महत्वपूर्ण भूमिका खेल्नसक्छन् । महाशक्तिहरूको प्रतिस्पर्धा छ, नेपाल कसैको पनि उपकरण बन्ने होइन, सबैसँग असंलग्नताको सम्बन्ध विकास गर्न जरूरी छ । नेपालको मूल नीति सबैसँग साझेदारी, आत्मनिर्भरतातिर उन्मुख, सार्वभौमिकतालाई रक्षा र भूराजनीतिक महत्वमा आफूलाई उभ्याउने हुनुपर्छ । नेपाल अब बफर स्टेट रहेन, विश्व जगतको साझेदार मुलुक हो ।

नेपाल यतिबेला जरो गाडेर बसेको दण्डहीनता र भ्रष्टाचारको चक्रव्यूह तोड्ने परीक्षामा छ । सुशासन स्थापित गर्ने कर्तव्य पूरा गर्न अग्रसर छ । यसका लागि सरकार कडा रूपमा प्रस्तुत हुनैपर्छ, विधिको शासनले मात्र यो सम्भव छ । विधिका कडीहरू खुस्किएका छन्, त्यसलाई मरमत गर्नुपर्नेछ । सक्षम बनाउनु पर्नेछ । तवमात्र जनादेशले अपेक्षा गरेको राज्यको हैसियत स्थापित हुनसक्नेछ । जेनजी विद्रोहको सपना वर्तमान शासनसत्ताको मूल लक्ष्य हो । त्यो लक्ष्य परिवर्तनको अनुभूति विना सम्भव छैन । यो परिवर्तनको अपेक्षा पूरा गर्नसक्ने क्षमता अभिवृद्धि भयो कि भएन ? केही समयमा मिमांसा गर्नैपर्नेछ । किनकि यही नै परिवर्तनको कोशे ढुंगा हो । रास्वपा र प्रम बालेन साहले जुन ऐतिहासिक जनादेश पाएका छन्, त्यो अवसर हो । सफलताको नमूना कार्यशैली, निर्णय र जनताको अपनत्व हो । यसका लागि जनताप्रति जवाफदेही शासन देखिनुपर्छ । जनताप्रतिको जवाफदेहीता नै सफलताको साँचो हो ।

नेपालको वर्णपटमाअनेक प्रकारका राजनीतिक परिवर्तन भएका छन् । जेनजी सरकार पनि पछिल्लो परिवर्तन हो । यो राजनीतिक परिवर्तनले सामाजिक रूपान्तरण स्थापित गर्नसक्यो भनेमात्र यो परिवर्तन सार्थक होला । अन्यथा घुम्दै फिर्दै रूम्जाटार भन्ने उखानमा सिमित हुनुपर्नेछ । समयले अवसर दिन्छ, कसैलाई पखेंदैन । हेक्का रहोस् ।

ot: Pacific Forum endorses Israel & Genocide

मासु, भेटेरिनरी र उपभोग



खाद्य सुरक्षा जनस्वास्थ्यको एक अत्यन्त महत्त्वपूर्ण विषय हो । यसले हामीले उपभोग गर्ने खाना दूषित पदार्थ, रोगजनक जीवाणु र हानिकारक अवशेषहरूबाट मुक्त छ भन्ने कुरा सुनिश्चित गर्छ । भारतमा, जहाँ जनसंख्याको ठूलो हिस्सा दूध, मासु, अण्डा र माछाजस्ता पशुजन्य उत्पादनहरूमा निर्भर छ, खाद्य सुरक्षाका मापदण्डहरू कायम राख्न पशु चिकित्सकहरूको भूमिका निकै महत्त्वपूर्ण हुन्छ ।

पशुपालन व्यवस्थापनदेखि लिएर खाद्य निरीक्षणसम्म, उत्पादन चरणदेखि उपभोगसम्म खाद्य पदार्थ सुरक्षित रहन्छ भन्ने सुनिश्चित गर्न पशु चिकित्सकले मुख्य भूमिका निर्वाह गर्छन् । विहानको चियासँगै पिउने दूध होस् वा दिउँसोको खानामा पाक्ने मासु र अण्डा–हामीले दैनिक उपभोग गर्ने पशुजन्य खाद्य पदार्थ कत्तिको सुरक्षित छन् ?

सहरीकरण र व्यस्त जीवनशैलीसँगै प्रशोधित तथा पशुजन्य खाद्यवस्तुको उपभोग बढ्दो छ । तर, के हाम्रो थालसम्म आइपुग्ने प्रत्येक गाँस स्वस्थकर छ त? यही गम्भीर प्रश्नको उत्तर र समाधानको केन्द्रमा उभिएका हुन्छन्– भेटेरिनरी डाक्टर (पशु चिकित्सक) ।

नेपाली समाजमा पशु चिकित्सकलाई अझै पनि गाईभैंसी वा कुकुर-बिरालो बिरामी पर्दा सुई लगाउने व्यक्तिका रूपमा मात्र बुझ्ने संकुचित दृष्टिकोण विद्यमान छ । तर, आधुनिक जनस्वास्थ्यको भाषामा भन्ने हो भने, मानव स्वास्थ्यको सुरक्षा अस्पतालको शैय्याबाट होइन, पशुको गोठ र खोरबाटै सुरु हुन्छ । फार्मदेखि थालसम्म Farm to Fork को यो संवेदनशील यात्रामा भेटेरिनरी डाक्टरहरू जनस्वास्थ्यका प्रथम रक्षक हुन् ।

हामीले उपभोग गर्ने खाद्य पदार्थहरूमध्ये मासु अति संवेदनशील र छिटो बिग्रने वस्तु हो । सहरीकरणसँगै मासुको माग दिनप्रतिदिन बढ्दो छ, तर सोही अनुपातमा खाद्य स्वच्छता, वधशालाको व्यवस्थापन र भेटेरिनरी जनस्वास्थ्यका मापदण्डहरू पालना हुन सकेका छैनन् । स्वस्थ पशुबाट मात्र सुरक्षित मासु उत्पादन हुन्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै यस क्षेत्रमा सुधार गर्नु आजको मुख्य आवश्यकता हो । पशु स्वास्थ्य र मासु सुरक्षाको सम्बन्ध मासुको गुणस्तर प्रत्यक्ष रूपमा जीवित पशुको स्वास्थ्य अवस्थासँग जोडिएको हुन्छ । तनावमुक्त पशुपन्छी: वध गर्नुअघि पशुपन्छीलाई कुनै पनि किसिमको शारीरिक वा मानसिक तनाव हुन दिनु हुँदैन । तनावमा रहेका पशुको शरीरमा उत्पादित हर्मोनले मासुको अम्लीयपन (pH) असन्तुलित बनाउँछ, जसले मासु छिटो कुहिन थाल्छ ।

निरोगी पशुको छनोट: वधशालामा ल्याइने पशुहरू अनिवार्य रूपमा भेटेरिनरी डाक्टरद्वारा स्वास्थ्य परीक्षण गराइएको हुनुपर्छ । जुनेटिक रोग (Zoonotic Diseases) र पशुबाट मानिसमा सर्ने रोगहरूलाई जुनेटिक रोग भनिन्छ । असुरक्षित रूपमा काटिएको वा रामरी नपकाइएको मासु सेवन गर्दा वा संक्रमित पशुको सम्पर्कमा आउँदा यस्ता रोगहरू मानिसमा सर्ने उच्च जोखिम हुन्छ: रेबिज र एन्थ्रेक्स: घातक संक्रामक रोगहरू हुन् जो प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा फैलिन सक्छन् ।

टापुवाकोसिस (Tapeworm ÷ Parasites): सुँगुर वा गोन जातका पशुहरूको काँचो मासु खाँदा मासुजन्य जुका मानिसको पेटमा सर्ने गर्दछ ।

ब्रुसेलोसिस: संक्रमित पशुको दूध वा मासुबाट सर्ने सरूवा रोग ।

वधशाला (Slaughterhouse) व्यवस्थापन र शीत भण्डारण : मासुको गुणस्तर र स्वच्छता कायम राख्न आधुनिक वधशाला र शीत भण्डारण प्रणाली अनिवार्य छ:

नियमित अनुगमन: वधशालादेखि पसलसम्म हाइजिनिक अवस्था, औजारहरूको निसंक्रमण (Disinfection) र कामदारहरूको सरसफाइको नियमित अनुगमन हुनुपर्छ । तापक्रम व्यवस्थापन (Cold Chain): मासुलाई ताजा र ब्याक्टेरियामुक्त राख्न उचित तापक्रमको व्यवस्था गर्नुपर्छ:

फ्रिज/चिलर तापक्रम: +०°C देखि +४°C । डिप फ्रिज तापक्रम: -१८°C वा सोभन्दा कम ।

जैविक सुरक्षा र अभिलेख

फार्म स्तरदेखि नै जैविक सुरक्षाका उपायहरू अपनाउँदा रोगको संक्रमण फैलिन पाउँदैन: फार्ममा बाहिरका मानिस र सवारी साधनको अनावश्यक प्रवेश निषेध गर्ने ।दानाको गुणस्तर (Quality Feed) र सफा पिउने पानीको नियमित परीक्षण गर्ने । पशुहरूको खोप तालिका र उपचार अभिलेख राख्ने ।

गोठबाटै सुरू हुने स्वास्थ्य रक्षा

विश्व स्वास्थ्य सङ्गठन (WHO) को तथ्याङ्कले भन्छ, मानिसमा देखिने संक्रामक रोगहरूमध्ये करिब ६० प्रतिशतभन्दा बढी पशुबाट सर्ने (जुनोटिक) प्रकृतिका हुन्छन् । बर्ड फ्लु, रेबिज, क्षयरोग, ब्रुसेलोसिस र साल्मोनेलोसिसजस्ता प्राणघातक रोगहरू दूषित मासु, काँचो दूध वा संक्रमित पशुपन्छीको माध्यमबाट मानिसमा सर्छन् । जब एक पशु चिकित्सकले फार्ममा गएर पशुपन्छीको नियमित स्वास्थ्य जाँच गर्छन्, खोप लगाउँछन् र जैविक सुरक्षा (Biosecurity) का मापदण्ड लागू गराउँछन्, तब उनले पशुको मात्र होइन, अप्रत्यक्ष रूपमा हजारौं उपभोक्ताको जीवनरक्षा गरिरहेका हुन्छन् ।

एन्टिबायोटिक र अदृश्य विष

आजको पशुपालन क्षेत्रमा देखिएको सबैभन्दा डरलाग्दो चुनौती एन्टिमाइक्रोबियल रेजिस्टेन्स AMR अर्थात् औषधि प्रतिरोध क्षमता हो । उत्पादन छिटो बढाउने लोभ वा सामान्य रोग निको पार्ने नाममा किसानहरूले प्राविधिक सल्लाहविना नै पशुपन्छीलाई जथाभावी एन्टिबायोटिक खुवाउने प्रवृत्ति बढ्दो छ । औषधि खुवाएपछि निश्चित समय नकुरी दूध दुहुँदा वा मासु बेच्दा ती औषधिका विषाक्त अवशेषहरू सोझै मानिसको शरीरमा पुग्छन् । यसले भविष्यमा सामान्य संक्रमण हुँदासमेत मानिसमा एन्टिबायोटिकले काम नगर्ने भयावह अवस्था सिर्जना गर्छ । भेटेरिनरी डाक्टरहरूको सही पुर्जा र निगरानीले मात्र यो अदृश्य विषलाई हाम्रो भान्सामा छिर्नबाट रोक्न सक्छ ।

वधशालादेखि भान्साको निगरानी

नेपालका अधिकांश सहरी तथा ग्रामीण क्षेत्रहरूमा अझै पनि खुला रूपमा, फोहोर वातावरणमा र बिनापरीक्षण मासु बिक्री वितरण भइरहेको तीतो यथार्थ हामीसामु छ । पशु वध गर्नुअघि र वध गरिसकेपछि पशु चिकित्सकद्वारा अनिवार्य निरीक्षण गरिनुपर्ने कानुनी व्यवस्था भए तापनि व्यवहारमा यसको कार्यान्वयन फितलो छ । रोगी वा मर्न लागेका पशुको मासु बजारमा पठाउने प्रवृत्तिलाई निरुत्साहित गर्न, वधशालाको सरसफाइ कायम राख्न र डेरी तथा मासु उद्योगमा चिस्यान प्रणालीको मापदण्ड कडाइका साथ लागू गर्न भेटेरिनरी जनशक्तिको भूमिका अपरिहार्य छ ।

पशु उत्पादन प्रणालीमा मासु स्वास्थ्य र सुरक्षाले फार्मदेखि टेबलसम्मको व्यापक श्रृंखलालाई समेट्छ, जसले प्रत्यक्ष रूपमा खाद्य गुणस्तर, जनसंख्या स्वास्थ्य, र उपभोक्ता संरक्षणलाई असर गर्छ ।

मासु गुणस्तरमा प्रमुख कारकहरू

- फार्ममा उत्पादन र दानाको अखण्डता: पशु स्वास्थ्य सुरक्षित दाना र सफा पानीमा धेरै निर्भर गर्दछ । माइकोटक्सिन, भारी धातु, कीटनाशक, वा रोगजनकहरू बोक्ने दूषित दानाले जनावरका अंगहरूलाई क्षति पुऱ्याउन सक्छ र मासुमा विषाक्त अवशेषहरू छोड्न सक्छ ।

- वध गर्नु अघिको तनाव र ह्यान्डलिङ: अमानवीय ह्यान्डलिङ, दुवानीको समयमा अत्यधिक भीडभाड, लामो दूरी, र खराब लेयरेज अवस्थाले गम्भीर जनावरको तनाव निम्त्याउँछ, उचित रक्तस्रावलाई बिगार्छ र मासुको गुणस्तर र शेल्फ जीवनलाई घटाउँछ ।

- वधशाला र प्रशोधन स्वच्छता: छाला, ऊन, वा आन्द्राको सामरी फुटेमा र माटो लागेमा शवहरू छाला निकाल्ने, प्याँख उखेल्ने, र बाहिर निस्कने क्रममा जैविक प्रदूषणको जोखिममा हुन्छन् ।

- वधपछिको कोल्ड चेन व्यवस्थापन: भण्डारण र वितरणको समयमा माइक्रोबियल प्रसार रोक्न तापक्रम नियन्त्रण, आर्द्रता र द्रुत चिस्यान महत्त्वपूर्ण छ ।

दूषित पदार्थहरू

- सूक्ष्मजीव रोगजनकहरू: प्रमुख जैविक खतराहरूमा साल्मोनेला एसपीपी, क्याम्पिलोब्याक्टर एसपीपी, एस्चेरिचिया कोलाई (जस्तै ई. कोलाई इ कोलाई०५७H७), र येर्सिनिया एन्टेरोकोलिटिका समावेश छन्, जुन प्रायः क्रस-दूषित पदार्थबाट सर्छ ।

- रासायनिक खतराहरू र एन्टिमाइक्रोबियल प्रतिरोध (ङच): पशुधनको दानामा एन्टिबायोटिकको व्यापक प्रयोगले एन्टिमाइक्रोबियल प्रतिरोधलाई गति दिन्छ, जबकि वातावरणीय प्रदूषकहरू (जस्तै भारी धातुहरू वा फ्री-रेन्ज वा जैविक पुणालीहरूमा डाइअक्सिनहरू) जनावरको तन्तुहरूमा जम्मा हुन्छन् ।

- जुनोटिक रोगहरू: रोगजनकहरू र अवस्थाहरू कम पकाएको वा निरीक्षण नगरिएको मासु (जस्तै, एन्थ्रेक्स वा टोक्सोप्लाज्मा जस्ता परजीवी संक्रमणहरू) ह्यान्डलिङ, प्रशोधन, वा उपभोग मार्फत जनावरहरूबाट मानिसमा सिधै सर्न सक्छन् ।

जनस्वास्थ्य र नियामक उपायहरू

- वधपूर्व र वधपश्चात् निरीक्षण: विश्व पशु स्वास्थ्य संगठनजस्ता निकायहरूको मार्गदर्शन अनुसार, पशु चिकित्सक तथा आधिकारिक निरीक्षकहरूले पशुहरूलाई वध गर्नुअघि तिनको जाँच गर्छन् र वध गरिएका प्रत्येक पशुको शरीर (carcass) को निरीक्षण गर्छन्, ताकि रोगग्रस्त पशुहरूलाई खाद्य आपूर्ति शृङ्खलाबाट हटाउन सकियोस् ।

- जोखिम विश्लेषण तथा आलोचनात्मक नियन्त्रण बिन्दु : वधशालाहरूमा व्यवस्थित खाद्य सुरक्षा व्यवस्थापन र ज्ञ्ब्ब्झ्एए सिद्धान्तहरू लागू गर्दा जैविक तथा रासायनिक प्रदूषणको जोखिम निकै कम हुन्छ ।

- एक स्वास्थ्य (One Health) अवधारणा: मानव, पशु र वातावरणीय स्वास्थ्यको निगरानीलाई एकीकृत गर्दा जुनोटिक रोगका खतराहरू पहिचान गर्न, एन्टिबायोटिक प्रतिरोध विरुद्ध लड्न र खाद्य सुरक्षासम्बन्धी कडा कानुनहरू कार्यान्वयन गर्न मद्दत पुग्छ ।

अबको बाटो: स्वास्थ्य अवधारणा

पशु स्वास्थ्य, मानव स्वास्थ्य र वातावरण एक-अर्काका परिपूरक हुन् । एउटामा समस्या आउँदा अर्को अछुतो रहन सक्दैन । यही सत्यलाई आत्मसात गर्दै विश्वभर नेपालमा पनि पशु स्वास्थ्य तथा पशु सेवा ऐन र खाद्य स्वच्छता तथा गुणस्तर ऐनजस्ता कानुनी व्यवस्थाहरू नभएका होइनन्, तर तिनको कार्यान्वयनका लागि स्थानीय तहसम्म पशु चिकित्सकको दरबन्दी र अनुगमन संयन्त्र बलियो बनाउनु पर्छ ।

अन्त्यमा, सुरक्षित खाना प्रत्येक नागरिकको मौलिक हक हो । उपभोक्ताले सचेत भएर स्वस्थ र प्रमाणित पशुजन्य उत्पादन मात्र खरिद गर्ने बानी बसाल्नुपर्छ भने राज्यले फार्मदेखि थालसम्मको खाद्य शृङ्खलालाई सुरक्षित राख्न भेटेरिनरी क्षेत्रको संस्थागत सुदृढीकरणमा लगानी बढाउनुपर्छ । किनकि, गोठ स्वस्थ रहे मात्र हाम्रो थाल सुरक्षित रहन्छ ।

निष्कर्ष तथा अपिल :

मासुको स्वास्थ्य र सुरक्षा पशु उत्पादन प्रणालीका अत्यन्त महत्त्वपूर्ण पक्षहरू हुन्, किनकि यी विषयहरू खाद्य गुणस्तर, जनस्वास्थ्य र उपभोक्ता संरक्षणसँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन् । मासु उच्च गुणस्तरको प्रोटिन र अन्य आवश्यक पोषक तत्त्वहरूको राम्रो स्रोत हो, तथापि, सुरक्षित मासु उत्पादन र उपभोगले मात्र स्वस्थ पशु, मानिस र स्वस्थ समाजको अवधारणालाई साकार पार्न सक्छ । यसका लागि किसान, मासु व्यवसायी, उपभोक्ता र स्थानीय निकाय सबैले भेटेरिनरी जनस्वास्थ्यका नियमहरूको कडाइका साथ पालना गर्नुपर्दछ । सचेत उपभोक्ता बन्नु साझा दायित्व हो ।

नेपाललाई सिंगापुर बनाउने हो भने .....

नेपाललाई सिङ्गापुर बनाउने हो भने पहिले कानुनको शासन स्थापित गर, नागरिकलाई अनुशासनमा राख र कानुन उल्लङ्घन गर्नेलाई उन्मुक्ति दिने संस्कार अन्त्य गर ! भन्ने एउटा बहस सार्वजनिक भएको छ । यो बहसमा भनिएको छ-

१. सिङ्गापुरको सफलताको आधार : विधिको शासन र कानुनको समान कार्यान्वयन :

...सिङ्गापुरको सफलताको प्रमुख आधार विधिको शासन र कानुनको निष्पक्ष तथा प्रभावकारी कार्यान्वयन हो । त्यहाँ सार्वजनिक अनुशासनलाई राज्य सञ्चालनको अभिन्न आधारका रूपमा स्थापित गरिएको छ ।..

२. सिङ्गापुरको ट्राफिक कानुन : नियम उल्लङ्घन गरे आर्थिक दण्डदेखि चालक अनुमतिपत्र निलम्बनसम्म :

सिङ्गापुरमा सडक सुरक्षालाई अत्यन्त गम्भीरतापूर्वक लिइन्छ । ट्राफिक नियम उल्लङ्घन गर्ने चालकलाई कसुरको प्रकृतिअनुसार आर्थिक जरिवाना, डिमेरिट पोइन्ट, चालक अनुमतिपत्र निलम्बन र गम्भीर अवस्थामा अदालतबाट सजाय हुन सक्छ । त्यहाँ चालकको अभिलेखमा कसुरअनुसार डिमेरिट पोइन्ट थपिन्छ । निश्चित सीमामा पुगेपछि चालक अनुमतिपत्र निलम्बन हुने व्यवस्था छ ।

२.१. सिङ्गापुरमा ट्राफिक अनुशासन उल्लङ्घनमा कठोर कानुनी कारवाही ।

सिङ्गापुरमा सडक अनुशासन कायम गर्न गति नियन्त्रण र ट्राफिक सङ्केतको पालना मात्र होइन, मादक पदार्थ वा लागू पदार्थ सेवन गरी सवारी चलाउने, फुटपाथमा पार्किङ गर्ने, बस विसौनी अतिक्रमण गर्ने र सार्वजनिक सडकमा अवरोध सिर्जना गर्ने गतिविधिमाथि पनि कडा व्यवस्था लागू गरिएको छ ।..

३. सिङ्गापुरको प्रहरी प्रशासन : भ्रष्टाचार नियन्त्रण र संस्थागत जवाफदेहिता :

सिङ्गापुर प्रहरी बल गृह मन्त्रालयअन्तर्गत सञ्चालन हुन्छ । अपराध नियन्त्रण, अनुसन्धान, सार्वजनिक सुरक्षा र कानुन कार्यान्वयन यसको प्रमुख जिम्मेवारी हो ।

त्यहाँ भ्रष्टाचार नियन्त्रणका लागि Corrupt Practices Investigation Bureau अर्थात् ऋएब्ध्य नामक छुट्टै अनुसन्धान निकाय छ । यसले सार्वजनिक तथा निजी क्षेत्रसँग सम्बन्धित भ्रष्टाचारका घटनाको अनुसन्धान गर्छ ।

सिङ्गापुरको प्रशासनिक अभ्यासबाट देखिने मुख्य विशेषता :

१. सार्वजनिक पदमा बसेका व्यक्तिको जिम्मेवारी स्पष्ट हुन्छ ।

२. भ्रष्टाचारसम्बन्धी उजुरीमाथि अनुसन्धान गर्ने छुट्टै निकाय छ ।

३. प्रहरी प्रशासनमा व्यावसायिक दक्षता र कार्यसम्पादनलाई महत्त्व दिइन्छ ।

४. अपराध अनुसन्धानमा र कानुनी प्रक्रियालाई प्राथमिकता दिइन्छ ।

५. सार्वजनिक सुरक्षामा बाधा पुऱ्याउने गतिविधिमाथि कानुनअनुसार कारवाही हुन्छ ।

६. प्रहरी र प्रशासनको कामलाई संस्थागत मापदण्डअनुसार मूल्याङ्कन गरिन्छ ।

नेपालले पनि प्रहरी प्रशासनलाई राजनीतिक दबाब, व्यक्तिगत स्वार्थ र आर्थिक प्रभावबाट मुक्त राख्दै व्यावसायिक तथा जवाफदेही संस्था बनाउनुपर्छ ।

४. सिङ्गापुरका नागरिक किन अनुशासित छन् ?

कुनै पनि देशका नागरिक जन्मजात अनुशासित हुँदैनन् । अनुशासन शिक्षा, सामाजिक संस्कार, कानुनको प्रभावकारी कार्यान्वयन र राज्यप्रतिको विश्वासबाट विकसित हुन्छ ।

सिङ्गापुरमा नागरिक अनुशासनका केही महत्त्वपूर्ण आधार छन् ।

१. पैदलयात्रीले निर्धारित क्रसिङ प्रयोग गर्छन् ।

२. चालकले ट्राफिक संकेत र गति सीमाको सम्मान गर्छन् ।

३. सार्वजनिक यातायातमा निर्धारित नियम पालना गरिन्छ ।

४. सार्वजनिक सम्पत्तिलाई व्यक्तिगत सम्पत्तिसरह संरक्षण गर्ने संस्कार विकास गरिएको छ ।

५. फोहोर व्यवस्थापन र वातावरण संरक्षणमा नागरिक सहभागिता हुन्छ ।

६. सडकमा जथाभावी पार्किङ र सार्वजनिक आवागमनमा अवरोध सिर्जना गर्ने गतिविधि नियन्त्रण गरिन्छ ।

७. कानुन उल्लङ्घन गर्दा व्यक्तिगत सम्बन्ध र राजनीतिक प्रभावका आधारमा छुट पाउने अपेक्षा गरिँदैन ।

८. सार्वजनिक नीति र प्रशासनिक व्यवस्थामा नागरिकको सहभागिता सुनिश्चित गरिएको छ ।

यसको अर्थ त्यहाँ सबै नागरिकले सधैं नियम पालना गर्छन् भन्ने होइन । तर नियम उल्लङ्घन भएमा निष्पक्ष कारवाही हुने संस्थागत व्यवस्था र नागरिकको सामाजिक जिम्मेवारीले अनुशासनलाई बलियो बनाएको छ ।

५. भ्रष्टाचार नियन्त्रण र कानुनी शासनमा सिङ्गापुरको अवस्था

कुनै देशको विकासलाई भाषण वा राजनीतिक दावीका आधारमा होइन, प्रमाणित सूचकाङ्क र संस्थागत कार्यसम्पादनका आधारमा मूल्याङ्कन गर्नुपर्छ ।

Transparency International को भ्रष्टाचार अवधारणा सूचकाङ्क २०२५ अनुसार सिङ्गापुरले १०० मध्ये ८४ अङ्क प्राप्त गरी १८० देशमध्ये तेस्रो स्थान हासिल गरेको छ ।

यस सूचकाङ्कले सार्वजनिक क्षेत्रमा भ्रष्टाचारको अवधारणागत अवस्थालाई मापन गर्छ । यसले कुनै देशमा भ्रष्टाचार पूर्ण रूपमा समाप्त भएको प्रमाणित गर्दैन ।

..६. नेपालको ट्राफिक व्यवस्थापन सुधारका लागि सिङ्गापुरको सफल अभ्यासबाट के सिक्न सकिन्छ?

..सिङ्गापुरको सफलताले स्पष्ट सन्देश दिएको छ, विकासको दिगोपन भौतिक संरचनाले मात्र सुनिश्चित गर्दैन, त्यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने कानुनी प्रणाली र अनुशासित नागरिक व्यवहारले पनि निर्धारण गर्छ ।

नेपालले आफ्नो भौगोलिक अवस्था, आर्थिक क्षमता, सामाजिक परिवेश र विद्यमान कानुनी संरचनाअनुसार निम्न सुधारलाई प्राथमिकताका साथ अघि बढाउन आवश्यक छ ।

६.१. ट्राफिक नियम उल्लङ्घनमा निष्पक्ष, प्रभावकारी र निरन्तर कारवाही ।...

६.२. नेपालमा वैज्ञानिक डिमेरिट पोइन्ट प्रणाली लागू गर्नुपर्छ

सिङ्गापुरको ट्राफिक व्यवस्थापनबाट नेपालले सिक्नुपर्ने महत्त्वपूर्ण अभ्यासमध्ये चालक अनुमतिपत्रसँग जोडिएको डिमेरिट पोइन्ट प्रणाली पनि एक हो । ...

६.३. प्रहरी प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त र जवाफदेही बनाउनुपर्छ । प्रहरी प्रशासन राज्यको कानुन कार्यान्वयन गर्ने प्रमुख संस्थामध्ये एक हो । प्रहरीको व्यावसायिक स्वतन्त्रता, निष्पक्षता र जवाफदेहिता बिना विधिको शासन प्रभावकारी हुन सक्दैन । राजनीतिक दबाब, व्यक्तिगत पहुँच वा आर्थिक प्रभावका कानुनी कारबाही प्रभावित हुने अवस्था अन्त्य गर्नुपर्छ ।

स्रोत : सिङ्गापुर प्रहरी बल, सिङ्गापुर गृह मन्त्रालय, ट्रान्सपरेन्सी इन्टरनेसनल तथा वर्ल्ड जस्टिस प्रोजेक्टका आधिकारिक तथ्याङ्क, प्रतिवेदन र प्रकाशित विवरण । - कृष्ण बहादुर तामाङ, समादेश साप्ताहिक । (यो विचार परिवर्तित नेपालका सन्दर्भमा सामयिक भएकाले प्रकाशित गरिएको हो ।)



2026 El Niño could bring wetter, warmer conditions, and more hazards for Hindu Kush Himalaya

xtra rain and snow could boost agricultural productivity, but holds risk for mountain areas potentially tiggering avalanches, landslides and localised flooding.

\Kathmandu, 20 November 2026 - A new report by Kathmandu based International Centre for Integrated Mountain Development (ICIMOD), Beijing Normal University and the Institute of Atmospheric Physics of the Chinese Academy of Sciences says that countries in the Hindu Kush Himalaya (HKH) including Afghanistan, Bangladesh and Nepal are expected to receive above-normal precipitation. Along with wetter conditions, ICIMOD's HKH Winter Outlook 2026, presents a picture of regional variability, with the western Himalaya region potentially facing localised floods, landslides and avalanches as a result of heavy precipitation.

The outlook comes as the US National Oceanic and Atmospheric Administration (NOAA) reports a strong-to-very-strong El Niño, with around a 60% chance it becomes the strongest since records began in 1950. ICIMOD scientists say this could bring more rain to the foothills and more snow to higher elevations."

The outlook follows a monsoon season of particularly destructive events including those taking place in Nepal and Bhutan, triggered by high-mountain changes in glaciers and permafrost. The devastating rock-ice avalanche that struck Nepal's Rasuwa district in August 2026, is said to have cost the country $4.7 billion in relief and reconstruction, based on an estimate by the country's National Disaster Risk Reduction and Management Authority.

The outlook also projects deeper-than-normal snow in parts of Afghanistan, Pakistan, northern India and Nepal, while shallower snow levels are expected in parts of Bhutan and the eastern Xizang, China. Snow depth is an important marker for sustaining river flows and deciding the water budget for the coming year. Shallower snow levels also have implications for irrigation and hydropower and could contribute to lesser flow in springs.

A wetter winter does not rule out the risk of fire, as other regions in the HKH are expected to face dry spells leaving grass and other vegetation dry enough to burn. The report also states a likelihood of high to very high forest and grassland fires in southeastern Xizang and parts of Myanmar.

Manish Shrestha, hydrologist at ICIMOD says, "Preparedness cannot end with the monsoon. As rainfall becomes more erratic and intense, local authorities need seasonal outlooks to plan ahead and short-range local forecasts to decide when and where to act."

ICIMOD will discuss findings from the HKH Winter Outlook 2026 at its upcoming international conference, 'Advancing Science, Policy, and Regional Cooperation for the HKH Cryosphere', in Kathmandu from 25-27 November 2026. The conference is part of the UN Decade of Action for Cryospheric Sciences (2025–2034), and will bring together scientists and policymakers from across the region and beyond to agree priorities for monitoring, early warning and cooperation. Experts will be available for media interviews.



Country summaries

Afghanistan

Most areas are expected to be wetter than normal, with near-normal precipitation in some eastern areas and above-normal temperatures across the country.

Snow depth is forecast to be above normal in the north-eastern mountains and near to above normal in central areas.

Bangladesh

Central and northern areas are expected to be wetter than normal, while coastal areas could see near-normal precipitation. Temperatures are likely to be above normal.

Fire danger is generally low in mapped forest and grassland areas, with some pockets of moderate danger in the south.

Bhutan

Near-normal precipitation is forecast for northern Bhutan, with above-normal temperatures along the country's southern edge.

Snow depth is expected to be near normal in central Bhutan and below normal in western and northern areas. Fire danger is mostly moderate, with pockets of high danger in the north and east.

China — Xizang Autonomous Region

Precipitation is expected to be above normal across much of the region, with cooler conditions in the southwest and along the southern edge and near-normal temperatures in the east.

Snow depth could be above normal along parts of the southwestern border and near to below normal in the east. Fire danger is high to very high in the southeast.

India

Southern India is expected to be drier than normal, central India near normal, and some northern and northeastern areas wetter than normal. The strongest warm signal is along the western edge.

Above-normal snow depth is forecast for Himachal Pradesh and the far north. Fire danger is mostly very low to low across central and eastern India, with pockets of very high danger in the southern peninsula and northeastern Himalaya.

Myanmar

Above-normal precipitation is forecast in central areas and towards the northeast, with near-normal precipitation in the east. Temperatures are expected to be mostly near normal.

Fire danger is moderate to high in northern and eastern areas, with pockets of very high danger in the north and south.

Nepal

Above-normal precipitation is forecast across Nepal, with the strongest signal in central areas. The hills could be warmer than normal, while higher elevations could be cooler. Snow depth is expected to be above normal in the north. Fire danger is very low across most mapped forest and grassland areas, with pockets of low to moderate danger along the western and eastern margins.

Pakistan

Most areas are expected to be wetter than normal, with near-normal precipitation in the south. Temperatures are likely to be above normal, with the strongest warm signal in the southwest.

Northern Pakistan is forecast to see above-normal snow depth and moderate fire danger.

Additional quotes for media use

Saswata Sanyal, Mohd Farooq Azam, Ashish Tiwari,

"I can't breathe!" Israel's new policies are darker than the darkest days of Apartheid South Africa.

I recently had the honour of interviewing S'bu Zikode, a South African activist based in one of the country's most impoverished "shantytowns", Kennedy Road, Durban. It was an education for me on so many levels – especially about who gets to breathe and who does not. The answer has been the same from Auschwitz to Gaza, passing by way of Sharpeville, South Africa, and the pavement in Minneapolis in 2020 where George Floyd gasped his last words under the knee of a police officer: "I can't breathe!"

But first a little about S'bu Zikode, who in 2005 co-founded the largest popular movement to emerge in post-Apartheid South Africa – Abahlali baseMjondolo (the Shackdwellers' movement) with over 180,000 members. S'bu's heart was caught in a net woven out of the harsh conditions he found amongst South Africa's most impoverished communities. Kennedy Road is a shack city in Durban with just a handful of toilets, no sanitation system, and precious little support from local officials. Surely, S'bu says, a modern society can provide housing, sanitation, clean water and basic education¿ Surely these people have a right to be heard¿

When he first saw the scale and the poverty of Kennedy Road it shocked S'bu, a young man from rural South Africa who got a huge break when he won a place at university in Durban and a home with relatives who were able to support him in his studies. Every day he took a bus to the campus, passing the endless sprawling shacks of Kennedy Road, so cramped that there was no room, even for roads. Sitting on that bus S'bu felt his dream had come true and his life was heading in a better direction.

Three months after starting university his world fell apart: the relatives he was living with had to move to Johannesburg and S'bu found himself without a home and without money. He was forced to move … to Kennedy Road. I have only seen photographs of Kennedy Road but I can imagine what a difficult, and bitter, and frightening moment that must have been for S'bu Zikode. But he also found good there.

Jump forward a few years and the young man had transformed himself into a social organizer, pressing the rights of the shackdwellers and earning the displeasure of powerful people inside the ANC.

One night in 2006, he was arrested for the first time, on the orders of a local ANC grandee. He was warned off his activism. He was badly beaten. He was left without medical treatment in a dark cell overnight.

"It wasn't just the beating. The hate was so painful. The question I asked and had to try to answer the whole night was whether I would continue."

The next morning S'bu appeared in the Magistrate's Court. Filling the corridors and the courtroom were hundreds of the red shirts worn by members of Abahlali baseMjondolo (the Shackdwellers' movement).

"When I saw so much support, I felt very emotional. And I gained strength, and I said, 'There comes the answer'. Irrespective of the pain I am going through, this is a noble cause. The question of solidarity is so important."

A frisson of emotion swept over me as I heard those words. It recalled the newspaper story I had read in the archives about my grandfather, Dermot O'Brien, a republican organiser in British-occupied Ireland, being released from prison in 1908. Hard times for that young man too but when he stepped out to freedom, hundreds of comrades were there to greet him – and not one, but two brass bands to march him into town! Solidarity.

S'bu explains that at the heart of their movement is the Zulu concept of Ubuntu, a philosophy that says you can't be fully human without being connected, being interdependent with those around you. It reminded me of Cicero's ideal of humanitas and its mission to humanise society.

How that concept of Ubuntu is translated into action by S'bu and the jondolo (shackdwellers) should give us all pause. Impoverished and hard-pressed though they are, the movement has found space to stand in solidarity with migrants and refugees who face the same vilification in parts of South Africa as they do in England, France or the US. These migrant workers find safety, not violence, in the areas where Abahlali baseMjondolo is strong. It is the same in their attitude to the Middle East.

"Our solidarity with Palestine is based on the recognition that the oppression of another human being is a matter of concern to all of us. We are in solidarity with all oppressed people everywhere, from Palestine to Congo, to migrants in the United States and our LGBTQ+ communities facing persecution in many countries," Zikode says.

S'bu Zikode was brought to New Zealand by the Federation of Socialist Societies and hosted in-country by Palestine Solidarity Network Aotearoa. Several of the PSNA activists were also prominent in New Zealand's powerful anti-Apartheid movement from the 1960s, through the battles of the 1981 Springbok Tour, all the way to Nelson Mandela's freedom in 1990, signalling the end of the regime. I was a teenager when I first protested to end New Zealand's sporting contacts with the racist regime.



"We do not take for granted New Zealand's contribution," Zikode says. "And I want to salute you for that. That was an incredible contribution to the liberation struggle. This was an outstanding example we should seek to emulate in our solidarity with the people of Palestine."

And then S'bu Zikode spoke of those who can breathe and those who are stopped from breathing.

"The Apartheid regime was very bad but the violence of what is going on in Palestine is incomparable. The South African Apartheid regime strangled us but it also gave us some chance to breathe. The reason for that is that they wanted us alive in order to continue exploiting our labour."

"In Palestine, the Israelis are determined to vandalize and destroy human life in what they call racial cleansing. They have no intention of oppressing or exploiting Palestinians. The intention is literally to destroy, to make humanity vanish," Zikode says.

And there you have it. For a time, the Nazis exploited the labour of the Jews; then increasingly moved on to the Final Solution. Many of the Jewish victims in places like Auschwitz and Treblinka died of asphyxiation in gas chambers: they could not breathe. Racist, fascist Israel today has reached the same conclusion: they don't need the Palestinians, so increasingly they will not let them breathe. They want all of Palestine – without the Palestinians.

In 1960 at Sharpeville in Transvaal Province, South Africa, 69 protesters were massacred by the police. It triggered outrage internationally and exposed the Apartheid regime in all its barbarity. 69 victims and the world woke up. In 2023, the Israelis killed that many and more every single day for a year and the Western world largely looked the other way. What has happened to us¿ Where is our ubuntu, our humanitas¿

"History will judge us," S'bu Zikode says. "We have no choice but to save humanity."

Eugene Doyle : Eugene Doyle is a writer based in Wellington, New Zealand. He has written extensively on the Middle East, as well as peace and security issues in the Asia Pacific region. He hosts solidarity.co.nz.

नेपालको संस्कृति जिवित संस्कृति हो





डा.शास्त्रदत्त पन्त

धर्म एक मात्र हुन्छ । त्यो वैदिक सनातन आका हिन्दु हो । अरू सबै सम्प्रदाय हुन् । त्यस बारेमा अरू अध्यायहरूमा उल्लेख भइसकेको छ । ॐकार परिवारभित्रका बौद्ध, जैन, शिख र धेरै अरू पन्थहरू, सम्प्रदायहरू सबैको आधार वेद, पुराण, उपनिषद्, वेदान्त, भगवद्तगीता, रामायण, महाभारत र अरू विज्ञानसम्मत ग्रन्थ हुन् । विश्वभरिका सबै पन्थ र सम्प्रदायको आधार पनि वेद हो । धर्मलाई राजनीतिकरण गरेर त्यसमा निहित स्वार्थ राखेर निस्काम भावबाट सकामी हुने, अध्यात्मबाट भौतिकवादी हुने, तथा क्षणिक आमोदप्रमोदी कुरामा लिप्सा राख्नेहरूले यसलाई बिगारेका हुन् । विकारको कारण नै आज विश्वमा अशान्ति रोकेर सदा शान्ति कायम गर्ने धर्म आफैं नै द्वन्द्वमा खडा भएको छ । धर्म निरपेक्षेता र धर्म परिवर्तन सबैभन्दा ठुलो द्वन्द्वको कारण भएको छ । इसाई र मुसलमान जो बेदकै आधारमा बनेको हो, तिनले रुढिगत मनोदशाका कारण विश्व अशान्त बनेको छ । जब कि धर्मको आधार सत्य, निर्वाण र मोक्ष हो । वैदिक संस्कारको हिन्दु भनेको ज्ञान, शिप र क्षमताको महासागर हो । सत्यको महामार्ग हो । ज्ञान स्थानन्तरण गर्ने उचो प्रविधि हो । खुलापन र आलोचना, वादप्रतिवाद (वादेवादे जायते तत्वबोधः), जुनसकै विचारको पनि सम्मान यसका महाज्ञानको बाटो हो भनिन्थ्यो । द्वन्द्वमा उत्रेकाहरूको जस्तो सङ्कुचितता वैदिक सनातानमा हुदैन । सृष्टिमा जन्मेका सबैको विचार स्रष्टाकै मानेर ठाउँ दिइन्छ । त्यस कारण हिन्दुत्व विश्वको सबैभन्दा ठुलो शक्तियुक्त एक मात्र विकल्परहित धर्म हो ।

यस सम्बन्धमा स्टेफेन केल्यापको २८ सूत्रीय भनाइको सार उल्लेख गर्नु प्रासङ्गिक हुनेछ । उनका अनुसार हिन्दु वैदिक जीवन पद्धतिको पछि राखिएको नाम हो । यो अध्यात्म चिन्तको आधार हो । वेदका अनुयायीलाई आर्य भनिन्थ्यो । आर्यको अर्थ जीवनस्तर उँचो भएको सभ्य, शुद्ध मानिस भन्ने हुन्छ । ईश्वरप्रति स्पष्ट चेतनशिल भन्ने पनि हुन्छ । वैदिक उर्फ हिन्दुज्म यथार्थमा जीवन पद्धति चलाउने संस्कार हो । यो कुनै जातजाति, सम्प्रदाय, थर, गोत्र झुन्ड (race, sectarian, creed or religion) केही होइन । यो कुनै मुलुक वा जातिको पनि होइन । यसले त मानव (अझ प्राणी) मात्रको सुख, शान्ति, आचरण, नैतिकता, निस्काम भाव, न्यायको पक्षमा आचरण र आस्थालन बनाउँन सिकाउँछ । यो मानिस मात्रको बाटो हो । यस खाले आचरण गर्न चाहने जो कोही हिन्दु हो, जो कोही आर्य हो । यसले पुनर्जन्म, पापपुण्य, ईश्वरको सर्वोच्चतालाई मान्दछ । स्थान, जात, लिङ्ग, पेसामा विभेद गर्दैन । कसैलाई बल गर्दैन, कसैको विचार कुण्ठित गर्दैन । गर्भाधारणदेखि मृत्युपर्यन्त असल आदर्श व्यक्तिको समाज बनाउन चाहन्छ । अध्यात्म ज्ञानबाट दीक्षित नहुने मात्र अनार्य हो । संस्कृत भाषाको आर्य शब्दले समाजको उँचो संस्कार चेतना, ज्ञान भएको जनाउँछ, कुनै जात, वंश, कुल विशेष होइन । हिन्दुमा अत्यन्त व्यापक प्रजातान्त्रिक, अनुशासित, नैतिक, निष्पक्ष, अध्यात्म आस्था भएको संस्कार हुन्छ । ईश्वर सबैको एउटै हो । ईश्वर जहाँतहीं हुन्छ । वैदिक मार्गको विकल्प हुदैन ।

हिन्दुज्म या हिन्दु धर्म भनेको विश्वको सबैभन्दा पुरानो जीवन जिउने संस्कृति हो । विश्वमा वेदभन्दा पुरानो केही पनि छैन । त्यो पनि यति पुरानो कसैले कल्पने गर्न सक्तैन । पश्चिमाले पन्ध्र हजारवर्ष जति पुरानो भनिए तापनि त्यो सही होइन । त्यसभन्दा धेरै धेरै पुरानो, मानवको सृष्टि सँगसँगैको हो । यसभन्दा पुरानो अर्को कुनै कल्चर छैन, अनि निरन्तर नबदलिइरहेको पनि छैन । इजिप्टको, वा इन्काको वा माया, अज्टेक जुनसुकै कल्चरलाई ५००० वर्ष पुरानो मानिए पनि यीमध्ये कोही पनि जीवित छैनन् । सबैभन्दा पुरानो र सधैं निरन्तर जीवित रहेको भनेको हिन्दु नामले प्रसिद्ध धर्म मात्र हो । यसको इतिहास हजारौं वैदिक ग्रन्थहरूमा लाखौं वर्षदेखि उच्च स्तरबाट अभिलेख गरिएको छ । यो यति पुरानो छ कि सृष्टिपूर्वसम्म अभिलेखात्मक रूपमा जान्छ । जीवित भनिएका कल्चर पनि विगत १४०० वा २००० वर्षभन्दा लामो कालका छैनन् । तिनको (मुसलमान, इसाई, बौद्ध) निरन्तरता र एक रूपता पनि छैन । तिनले कसरी हिन्दु सभ्यता संस्कार र संस्कृतिलाई च्यालेन्ज गर्न सक्छन् ? यो त लस्करिहरेको हात्तीलाई कुकुर भुकेर लखेटेजस्तै हो ।

प्रो. बर्नऔफले फ्रान्सको महाविद्यालयमा दिएको आख्यान (Discourse on Sanskrit and Its Literature) मा भनेका छन् "हामीले भारतवर्षको दर्शन, माइथ, वाङ्मय, कानुन, संस्कृत भाषा अध्ययन गर्नेछौं ।" यो के हो ? यथार्थता जानकारी गराउनेछौं । थोर्नटनले ब्रिटिस इन्डियाको इतिहास नामक पुस्तकमा लेखेकाछन्– हिन्दुहरू विद्यमान विश्वका सबैभन्दा पुराना, सबैभन्दा सुसभ्य र सबैभन्दा सुसम्पन्न मानिस हुन् ।

प्रसिद्ध जर्मन दार्शनिक अगस्टस स्लेगेलले उनको पुस्तक विज्डम अफ दी एन्सिएन्ट इन्डियन नामक पुस्तकमा लेखेका छन्– वैदिक सभ्यातामा हिन्दुले ईश्वरसम्बन्धी जे ज्ञान आर्जन गरेका छन् त्यसलाई नकार्ने ठाउँ छैन । तिनले लेखेका सबै लेखमा "replete with sentiments and expressions, noble, clear, severely grand, as deeply conceived in any human language in which men have spoken of their God." भनेको पाइन्छ । त्यसै गरेर म्याक्समुलरले लेखेकाछन्– Historical records (of the Hindus) extend in some respects so far beyond all records and have been preserved to us in such perfect and legible documents, that we can learn from them lessons which we can learn nowhere else and supply missing links. जे वैदिक सभ्यतामा छ अरू कुनै संस्कार सभ्यतामा पाउनै सकिदैन । यो अत्यन्त गहिराईमा छ, उँचो गुणस्तरको छ । जीवनदर्शन उँचो छ, अरू कुनै पनि संस्कृतिमा पाउन सकिदैन । वैदिक बौद्धिकतालाई विश्वमा पाइने कुनैसँग तुलना गर्न सकिदैन, यो धेरै माथि छ ।

वैदिक ग्रन्थ-वाङ्मय सबैभन्दा पुरानो र सम्पूर्णाङ्ग भएको शास्त्र हो । म्याक्समुलरले ठोकेर भनेका छन्, यो संसारमा वेदभन्दा पुरानो कुनै ग्रन्थ नै छैन । यो पृथ्वीमा केही पनि नभएको बेलाको ग्रन्थ हो[१] । वेदपछि शयौं उपनिषद् जन्मे । तीमध्ये १०८ वटाले विश्वभरि उच्च प्रसिद्धि पाएका छन् । यी कोरा कथा र नीतिका ग्रन्थ मात्र होइनन्, अध्यात्म ज्ञानका भण्डार हुन् । तिनबाट जो कोही पनि प्रज्वलित हुन सक्छ । यही कुरा १८ महापुराण र १८ उपपुराण तथा अन्य ग्रन्थमा पनि पाउन सकिन्छ ।

त्यस बाहेक हजारौं सूत्र छन्, जसले जीवनलाई संयमित गराउन सघाउँछन् । उदाहरणका लागि गृहसूत्रलाई लिन सकिन्छ । त्यस्तै वेदाङ्गले अनेक खाले विज्ञानको ज्ञान दिन्छन् । जस्तै व्याकरण, मनोविज्ञान, धर्मदर्शन, चित्रकला, फोनेटिकस, खगोल, भूगोल, अन्तरिक्ष, ज्योतिष, कला, वाणिज्य, शुद्ध विज्ञान, जीवनी, नृत्य, सङ्गीत, गन्धर्ववेद, आर्किटेक्चर, वास्तुकला, पूर्ण स्वास्थ्य विज्ञान आदि । यी बाहेक हजारौं अरू यस्ता किताब छन् जसले महान् अध्यात्म ज्ञान दिन्छन् । तीन चार हजार वर्ष पहिले सङ्ग्रह गरिएका नालन्द विश्वविद्यालयका तीन विशाल पुस्तकालयमा सङ्ग्रहित करोड भन्दा धेरै पुस्तकले पनि यो साबित गर्दछ ।

श्रीमद्भगवद्गीता, श्रीमद्भागवत र चार वेद मात्र पढ्नसके पनि यो अथाह ज्ञान भण्डारको सार बुझ्न सकिन्छ भन्ने विज्ञहरूको ठहर पाइन्छ । वैदिक ग्रन्थरत्नको अर्को महत्व के हो भने यी महान् ग्रन्थ कहिल्यै पुराना हुँदैनन्, कहिल्यै अप्रासङ्गिक हुँदैनन् । त्यस कारण जो कोहीले पनि, जुन युग र समयमा पनि यी ग्रन्थ जीवनभर रसका साथ अध्ययन गरिरहन सक्छ ।

वैदिक मार्ग पूर्ण विकसित र पूर्णअध्यात्म दर्शन हो । यसले जीवनका सबै पक्ष, भौतिक र अध्यात्म दुवै समेटदछ । यो समान उँचो अरू कुनै दर्शन र जीवन पद्धति नै छैनन् । यसमा के छैन भनेर खोज्ने ठाउँ नै छैन । पश्चिमाले यस्तो केही पनि गर्न सकेका छैनन्, केही खोज्ने हो भने भारतवर्षमै जानुपर्छ, आर्यावर्तमै छिर्नुपर्छ । वेदमा उल्लेखित अध्यात्म प्रक्रियाहरू विद्यमान कुनै पनि मजहबभन्दा फरक छन् । मजहबमा मानिसको विश्वास मात्र हुन्छ, ईश्वरको प्रार्थना केवल पापमोचनका लागि मात्र हुन्छ । वेदले त्यसो भन्दैन । अध्यात्म चेतना प्राप्त गर्ने अध्यात्मिक अभ्यास नै हुन्छ, जानेर गछ मानेर होइन । वेदले अध्यात्म व्यक्तिको महसुसीकरणलाई इन्कार गर्दैन तर इसाई मुसाई जस्ता मजहबले अरूको विचारलाई स्विकार्दैन । वेदले कसैलाई, कुनै विचारलाई विभेद गर्दैन, कसैको चेतन ज्ञानलाई इन्कार गर्दैन । चेतना व्यक्तिको चेतनाका तह अनुसार विभिन्न फिकवैस्सीमा दैडिरहेका हुन्छन्, ती सबैको शब्द, ध्वनि, कर्म, इमेजको आधारमा आआफ्नो स्थानमा महत्व छ । यो सम्मानले मात्र व्यक्तिले सत्य थाहा पाउँछ । स्वतन्त्र चिन्तनबाट गहिरिँदै गए मात्र गहन अध्यात्म जान्न सकिन्छ, ईश्वरसम्म पुग्न सकिन्छ । धर्मको आसय आफूभित्रको अध्यात्मलाई परमेश्वरसँग सम्बन्ध बनाउने हो । यो कार्य गुरू माध्यमबाट सहज मानिन्छ । शिष्य जिज्ञासु भएन वा गुरू बुझाउन अशक्त भए भने त्यसको असर देखिन्छ । यही कारण विश्वभरका दार्शनिकहरू तथा अध्यात्म ज्ञानका मुमुक्षुहरू जम्बुद्वीप भारतवर्षमा आएर वेदभित्र खोज्दछन् ।

आमूल परिवर्तन गर्ने नियत हुनुपर्छ



सुरेशकुमार पाण्डे

मानव समाज सबैभन्दा चेतनशील प्राणी हो भनिन्छ । अहिलेसम्म यो चराचर जगतमा मानिसहरूमध्येको एउटा वर्गले मात्रै शासन गर्दै आएको छ । शासन गर्नु भनेको अधिनायकत्व नै हो । मानव समाजले प्राकृतिक दोहन चरम रूपमा गर्दै आएको छ । उसले सेवाभन्दा बढी शासन गरेको छ ।

माथी यस्तो भनिरहँदा कयौंले आफूलाई कम्युनिष्ट सर्वहारा भन्नेहरूको पनि सरकार आएकै हो भन्नसक्छन् त्यसैहारा विचार हुनुपर्छ त्यो उनिहरूमा थिएन उनिहरूमा पुँजिवादी विचारधाराले घर जमाएको थियो त्यसैले गर्दा आज देशको यस्तो दुरगती हुन पुग्यो ।

प्राकृतिको सेवा अर्थात् बोटविरूवा, पानीलगायतका चिजहरूको संरक्षणभन्दा दोहन बढी गरिएको छ । त्यो मात्र होइन, आफ्नो निजी स्वार्थका लागि वृक्ष फँडानीदेखि जमिनमुनिका खनिज पदार्थसमेत उत्खनन गरेर आफ्नो आकाङ्क्षा पूरा गर्दै आएका छन् । अमूल्य प्राकृतिक सम्पदा रद्दीको भाउमा लिलाम गर्दै आएका छन् ।

आगो, पानी, हावा र धर्ती– यी सबैमा पाइने तमाम आवश्यक तत्वको मानिसले छानी-छानी शोषण गर्दै आएको छ, जसमा गुण-अवगुणले प्रत्यक्ष असर गरिरहेको हुन्छ । तर पनि मानिसभित्रको लोभले प्राकृतिक जगतमा सधैं हमला गरिरहेको हुन्छ ।

त्यो मात्र होइन, केही फटाहाहरूको कल्पनामा आधारित चमत्कार र चटकले बहुसङ्ख्यक जनतालाई भ्रम दिन सफल भएका हुन्छन्, त्यसैको परिणाम आज स्वर्ग र नर्कका मनगढन्ते कथाहरू उब्जिएका र समाजमा भाँगिन सकेका हुन्छन् । पुँजीपतिहरूले त्यसैबाट फाइदा उठाउन तिनै सामग्रीलाई जुटाएर नाटक, चलचित्र र सिरियलहरू तयार पारेका हुन्छन् । जसले आफू जीवनभर एसआराम गर्यो, उसैले ऐयाशीको विरूद्धमा कथा कोरेको पनि देखिन्छ । जनताले त्यो फटाहाको फटाईलाई नबुझ्दाबुझेर उसैको जालमापरि फसेका हुन्छन् । शोषकसँग शोषितलाई फसाउने शक्ति हुन्छन्, जसमा आर्थिक र सत्ताको शक्ति प्रमुख छ ।

पुँजीपतिहरूले चमत्कारका दन्त्यकथामा आधारित सिरियल, चलचित्र र यस्तै खालका सामग्रीहरू पस्किन् भनेको उनीहरूको व्यवहारबाट उनीहरूलाई मुख्य दुई प्रकारको फाइदा हुन्छ: प्रथम– जनतालाई चुसेर धन कमाउने, दोस्रो– जनतालाई भ्रममा पारिरहने र शोषक वर्गको शासन बलियो बनाउने । त्यसरी उनीहरूले अहिलेसम्म जुन राजनीति गर्दै आएका छन्, त्यही राजनीतिले सिङ्गो मानवसमाजलाई दूषित गर्दै आएको हुन्छ । धनको बलमा उनै निर्धन मानिसका कला, गला सबै उनीहरू किन्न सक्छन्, जिसलेगर्दा फेरि उनै गरिवलाई शोषण गर्न सजिलै सक्छन् ।

मुनाफा आर्जन गर्ने र सदियौंसम्म मानव समाजलाई भ्रमित पार्ने उद्देश्यले थालनी गर्नेहरू खास गरेर श्रमजीवी वर्गका दुश्मनहरू नै हुन्छन् । तर पनि उनीहरूका चटक हेरेर मानिसका बालबालिकासमेत प्रभावित भइरहेका हुन्छन् । बालमनोविज्ञानमा भौतिकवाद विरूद्धको गलत र चटक अपज्ञान भरिदिएका हुन्छन् । उनीहरूलाई ज्ञानी-आदर्शवादी बनाउने बहानामा उनीहरूलाई त्यो चमत्कार र चटकको भुमरीमा फसाएर कमजोर र मानसिकरूपमै विकलाङ्ग तथा यथार्थ कुरा सोच्नै नसक्ने बनाइदिन्छन् । त्यसैलाई उनीहरूले धर्मको जामा भिराएर काल्पनिक दुनियाँमा पुऱ्याईदिएका हुन्छन् । यो उनीहरूको लामो समयको प्रयास हो ।

जस्तै– मानिसहरूले जातजाति बनाएर त्यसमा भेद सुरू गरे । त्यो भेद मुख्यतया छुवाछूतमा परिणत गरायो । जात-उपजात बनाएर मानिसलाई विभाजन गर्यो । कामको आधारमा विभाजित जात जातीहरू छुवाछुत र सम्प्रकदायिकमा विभाजन हुन पुग्यो ।

परिणाम चतुर वर्गले त्यसैमा राजनीति गर्यो र सत्तामा पुग्यो । सत्ता बचाइराख्नको लागि त्यो नीतिको र आफ्नो सत्तापावरको प्रयोग गरेर झन् मानिसहरूको बीचमा छुवाछूत र विभेदको खाडल बनाउँदै गयो, जसले समाजमा र चराचर जगतमा आफू प्रभावशाली बनिरहने प्रयास गर्दै आएको छ ।

सत्ता जोगाउन यी धर्म र जात, लिङ्ग र रङ्ग प्रयोग हुँदै आए । धर्मलाई विभाजन गरियो, जातिलाई विभाजन गरियो र रङ्गभेदका नाराहरू लगाएर भिन्दाभिन्दै अनुहारमा गुटहरूको जन्म भयो । यी सबै राजनीतिक पावर जुटाउन गरिएका षड्यन्त्रहरू हुन् । त्यसैले यो एकप्रकारको मानव समाजभित्रको दिर्घारोग बन्यो । त्यसैले सबै विभेदका विरूद्धमा मार्क्सवादी दर्शन पैदा भयो ।

कार्ल मार्क्सले समाज र यो चराचर जगतको गहन अध्ययनपछि कमेरा वर्ग र कामचोर वर्ग अर्थात् शोषक र शोषित-पीडित वर्गलाई विभाजन गरेर मानव समाजलाई ऐतिहासिक रूपमा न्याय दिएका छन् । वर्ग विभाजन गर्नु संसारभरिका श्रमजीवीहरूका लागि साच्चै ऐतिहासिक आवश्यकता हो ।

अहिले धेरै बुद्धिजीवीहरूले कार्ल मार्क्सलाई धर्मविरोधी भन्छन् । उनीहरूले त्यो महान् दार्शनिकको आशयलाई अल्पज्ञानवाट मूल्याङ्कन गर्न पुग्छन् र अत्यधिक अन्याय गर्न पुग्छन् ।

किनकि उनिहरूले मार्क्सको भनाइलाई सही रूपमा बुझ्न नसकेको परिणाम हुनसक्छ वा कयौंले जानबुझेर पनि उनलाई बदनाम गर्न अप्नाएको हतियार हुनसक्छ । उनको भनाइलाई बुझ्न पहिले धर्मको परिभाषालाई बुझ्नुपर्दछ । आखिर धर्म भनेको के हो त? यस बारेमा गहन अध्ययन गरेर बुझ्न सकिन्छ । जबसम्म हामीले 'धर्म भनेको के हो?' भन्ने बारे बुझ्न सक्दैनौं, तबसम्म हामीले कार्ल मार्क्सको उक्त "धर्म भनेको अफिमको नशा हो" भन्ने भनाइबारे बुझ्न पनि सक्दैनौं ।

कार्ल मार्क्सले जनताले भनेको धर्मको बारेमा भनेका छन् । जनताले धर्म भनेर केलाई मानेका हुन्छन् उदाहरणका लागि पूजा, लक्षबत्ती बाल्नु, राम, कृष्ण लगायतलाई देवीदेवता मानेर पुज्नुलाई आजको समाजले धर्म गर्नु भन्छ । कुनै पनि मूर्तिको पूजा गर्नु, मन्दिरमा पूजा गर्नु आदि सामाजिक संस्कार हुन्, यी धर्म होइनन् । जनताले यिनैलाई धर्म ठानेर यिनैको आराधना, पूजाअर्चना गर्छन्, जो सबै कल्पनामा आधारित हुन् त्यसैले मानिसहरूले धर्मको परिभाषालाई बुझ्न नितान्त जरूरी छ ।

मार्क्सवादले यथार्थमा आधारित विषयवस्तुलाई सही ठान्छ । यी काल्पनिक चिजले मानिसलाई जसरी जकडिएको छ र उनीहरू जसरी त्यो भ्रममा परेका छन्, यही विषयलाई कार्ल मार्क्सले जनतामा घर जमाएको यही कुराबाट सजिले मुक्त हुन सकिदैन, विस्तारै यस्ता विषयवस्तुहरू उदाङ्गिदै जानेछन् र मानिसहरू मुक्त हुँदै जानेछन् भनेर यसलाई 'अफिमको नशा' को संज्ञा दिएका हुन् । कुनै पनि लत एक प्रकारको नशा नै हो ।

हामीले देखिरहेका छौं, खेतबारीमा काम गर्ने किसानले गरेको अन्नको बालीको उत्पादनबिना मानिसले पेट भर्न सक्दैनन् । त्यसकारण किसानले सबैभन्दा ठुलो धर्म गरेका हुन्छन्, किनकि उनीहरू प्रत्यक्ष खेतबारीमा आफूले परिश्रम गरेर अन्नको उत्पादन गरेका हुन् । मानिसहरू बाँच्नको लागि अन्नको पनि महत्त्वपूर्ण भूमिका हुन्छ ।

मानिसले आफूलाई चाहिएको वस्तु-चिज आफैले तयार पारेका हुन्छन् । कुनै पनि देवतालाई पुजेर मकै, धानलगायतका अन्नको उत्पादन हुँदैन । तर किसानले खेतबारीमा आफ्नो तरकार लगाए अन्न उत्पादन हुन सक्छ । कपास, रूख आदिबाट लुगा बनाएका हुन्छन् । मानिसले आफै बनाएका कृत्रिम अनुहारहरूबाट आफै भयभीत हुन पुग्छन् । त्यही उनीहरूको सबैभन्दा कमजोर पक्ष हो ।

मानिसभित्रको नकारात्मक पक्षबाट मानिस आफै अल्मल्ल परेको हुन्छ र भयभीत भएको हुन्छ । सकारात्मक पक्ष नै वास्तवमा जिउने कला हो । यही मार्क्सवादी दर्शन हो । जीवन र जगतको अध्ययन गर्दै सही र गलत छुट्याउन सक्नु भनेकै विज्ञानसम्मत हुन्छ, त्यही मार्क्सवादी चिन्तन हो ।

त्यही सही र यथार्थ नै धर्म हो । मार्क्सवादले जति धर्म गरेको छ, त्यति धर्म कुनै धर्मका ठेकेदारले गर्न सकेका छैनन् । त्यसकारण मार्क्सवादलाई धर्मविरोधी आरोप लगाउनु नै साच्चै ऐतिहासिक गलती हो । वास्तवमा मानव समाजले धर्मको परिभाषा बुझ्नै पर्छ ।

समाजमा कसैको बलि चढाएपछि धर्म हुन्छ– त्यो पाप हो । हामीले समाजलाई बुझ्न आदिम राज्य व्यवस्थातर्फ जानुपर्छ । त्यो बेलाको मानिस सिकारी नै थिए । मानिसको एउटा बाध्यता के थियो भने उनीहरूले अन्न उत्पादन गर्न सकेका थिएनन् । कन्दमूल खाएर बसेका अनि सामूहिक सिकार मारेर खाने गर्दथे । त्यो बेलाको मानव समाज सिकारी नै थियो । त्यो अज्ञानी र आदिम युग थियो ।

विस्तारै धेरै परिवर्तन हुँदै आएको छ, तर पनि अँझ धेरै परिवर्तन परिमार्जन हुन बाँकी नै छ । अहिले वैज्ञानिक प्रवृत्तिले मानिसलाई अत्यन्तै सहज बनाएको छ, तर गरिवहरूको समस्यामा पनि वृद्धि हुँदै आएको छ । विज्ञानमा विकाससँगै विनाश पनि पाइन्छ । त्यो राज्यव्यवसस्थाले सन्तुलन गर्न नसक्दा भएको हो ।

तथापि अग्रगामी गतिलाई रोक्न खोज्नु ठीक हुँदैन । एकातिर विज्ञानले प्रविधिको विकास गरेको छ, अर्कोतर्फ मानिसको सामाजिक चेतनास्तर उठ्नुको सट्टा झनै नकारात्मक सोचको विकास भएको पाइन्छ । मार्क्सवादले रूढिवाद र पश्चिमको छाडा संस्कार दुवैको विरोध गर्छ । समाजमा आज जुन प्रकारको विचार पैदा भएको छ, त्यो हो– प्रगतिशीलताको नाउमा गलत धारणा । उदाहरणका लागि, एउटा पुरूषले गरेको उही कामको विरोध गर्दै उही काम महिलाले गर्यो भने त्यसको प्रगतिशील रूपमा प्रचार गरिन्छ, जसले गर्दा पश्चिमको छाडा प्रवृत्ति जन्म भएको छ । महिलाले दुइटा विवाह गरे पनि पुरूषले गरे पनि कुरा त एउटै हो । महिलाले किरिया गरे पनि पुरूषले गरे पनि त्यो त एउटै नै हो । तर महिलाले १३ दिन किरिया गर्यो भने त्यसलाई समाज, मिडिया आदिले खुब प्रगतिशील भनेर प्रचार गरेका हुन्छन् । किरिया भनेको त जसले गरे पनि किरिया नै हो । बरू यसबाट के फाइदा, के घाटा ? त्यसबारे बहस छैन । किन महिलाहरूलाई डाक्टर, वैज्ञानिक बनाउने तर्फ सोच्दैनन् ? उनीहरूलाई सम्पत्तिको भागीदार किन बनाउन सक्दैनन् ?

समानताको विषयलाई लिएर महिलाहरूमा छाडा संस्कारले घर जमाइसकेको छ । कुनै बेला माओवादी जनयुद्धका ताका जातीय मुक्तिका लागि बाहुनको घरमा दलितलाई घुसाउने गरिन्थ्यो, बाहुनको जनै चुँडाल्ने र टुप्पी काट्ने काम पनि गरियो । त्यो दबाबमा गरेको काम फत्ते हुनसकेन ।

कुनै बेला आवेशमा आएर "गोरूको मासु नखाने कम्युनिष्ट हुनसक्दैनन्" भन्नेहरू पनि त हामै समाजमा छन् । उनैले गाईको पूजा गरिरहेका छन्, गहुँत पिउँछन् । कम्युनिष्ट विचारधारा भनेको मार्क्सवादी-लेनिनवादी दर्शन हो । त्यो दर्शन भनेको वर्गसङ्घर्षमा आधारित छ, जसले तमाम रूढिवादको विरोध मात्र गर्दैन, भौतिकवादी धरातलमा उभिन सिकाउँछ । अभौतिकवादको विरोधमा भौतिकवादी विचारधारालाई व्यवहारमा उतारन लगाउँछ । हाम्रो समाज आफूलाई जति धार्मिक देखाउन खोजे पनि सिकारी र आदिवासी हो । समाजले आ-आफ्ना कुलकुलानीहरूलाई अझै पनि पशुको बलि दिएका हुन्छौं । जनजातिहरूले रक्सी पनि चढाएका हुन्छन् । त्यस कारणले पनि हाम्रो नेपाली समाज एक प्रकारको सिकारी समाज हो । जतिसुकै धर्मका कुरा गरे पनि घर-घरमै प्रायजसो पाप गरिरहेका हुन्छौं । देशमा अधिकांश पशुको मासु खानेहरू भेटिन्छन् । यद्यपि उनीहरूमध्येले पशुको पनि जात बनाएर 'फलानो जातले फलानो पशु खाने' भनेर तोकेका हुन्छन् । गाउँमा अझै पनि त्यस्तै छ । सुधारमा लामो समय लाग्ने छ ।

देशभित्र विकास हुन सकेको छैन, त्यसैले गर्दा पनि यो देशमा कम्तीमा कम्युनिष्ट क्रान्तिकारीको सरकार हुनुपर्छ । किनकि हाम्रो देशमा बहुसङ्ख्यक गरिब र श्रमजीवीहरू छौं । देश आत्मनिर्भर हुन सकेको छैन । भौगोलिक रूपमा पनि समाजवादको खाँचो छ । दुवै शक्तिशाली देशको बीचमा देश छ र देशले आफूलाई सन्तुलित बनाएर राख्नुपर्छ । त्यसका लागि पनि हाम्रो देश तटस्थ र स्वतन्त्र भएर बाँचिरहन प्रयास गरिरहनुपर्ने छ । आमूलपरिवर्तन भनेर हुदैन, नियत हुनुपर्छ ।

गोरखा एक्सप्रेस
www.nepaltoday.com.np पढौ
लेख, रचना र बिज्ञापन पठाएर सहयोग गरौं ।
email : rajan2012karki@yahoo.com

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(सांविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८३ मंसिर ८, Nov.24 2026



अन्तिम पातो - शाश्वत शर्मा

द्वन्द्वतिर उन्मुख भयो मुलुक

मुलुक अहिले प्रधानमन्त्री बालेन्द शाहको भारत भ्रमण को लेखा जोखा गर्न व्यस्त छ । मानौ यो भारत भ्रमण नै हो सम्पूर्ण - निकास । अधिकांस प्रतिपक्षीहरू यो भ्रमण असफल भयो भन्नेमा केन्द्रत छन् भने बुजुकहरू चै सुरूवात राम्रो भन्दैछन् । भारतलाई रिझाउन सकियो भने मात्र नेपाल र नेपालीहरूको कल्याण हुने हो ? पक्कै होइन । समस्या वर्तमान संविधानमा छ । पार्टी नेताहरूको देशभक्तिमा छ । जबसम्म परम्परागत शक्तिलाई साथ लिएर अगाडि बढ्न सकिन्न तबसम्म देशमा यस्ता संशय रहन्छ । हिजो ०६२-६३ सालमा संयुक्त भएर राजतन्त्र र हिन्दूधर्म समाप्त पार्नका लागि जसले यिनलाई (कथित चार प्रमख दललाई) 'एकजुट' गराइदिएको थियो, त्यही 'शक्ति' अब रा स्व पालाई साथमा लिने प्रयासमा छ । रास्वपाभित्र फाटो आयो भने मुलुक द्वन्द्वतिर गयो, गयो । राजतन्त्र र हिन्दूधर्मलाई (अवैधानिक रूपमा) समाप्त पारिसकेपछि 'अज्ञातशक्ति'को 'पञ्जा' (हाथ) मा बन्दी बन्न पुगेकाहरू बेलगाम थिए, तिनलाई ठेगान लगाउन गत वर्ष भदौ २३/२४ मा जेनजी र जनताले विद्रोह गर्नुपऱ्यो । त्यसपछि यो जेनजी सरकार आएको हो । यो ऐतिहासिक जनादेश पाएको सरकारलाई साथमा लिन र हत्केलामा नचाउन सकिन्छ कि भन्ने प्रयासमा क्षिमेकी लागेका छन् । निश्चित कुरो के हो भने भोटेकोशीको बाढी नगएको भए प्रम बालेन साह यसरी विदेश भ्रमणमा जदैनथिए । प्रम बालेन साह भारत भ्रमणमा गए, उनका १० एजेण्डा छन्, उनी भारतसँग झुक्ने होइन, समानताका आधारमा व्यवहार खोज्न गएका हुन् । हो, भारत छिमेकी हो, छिमेकीको भर र विश्वास चाहिन्छ, त्यही खोज्न प्रम बालेन साह भारत भ्रमणमा छन् । भारतले के कति सघाउँछ, के कस्तो व्यवहार देखाउने हो, त्यसैमा नेपाल भारत सम्बन्धको नयाँ श्रृङ्खला सुरू हुनेछ ।

प्रतिपक्षीहरू आफूसँग सुझाव लिइएन भनेर बरबराहट गरिरहेका छन् । सुझाव त प्रम बालेनले राष्ट्रपतिसँग पनि लिएनन् । भारत भ्रमणबाट फर्केपछि उनले देशलाई जानकारी दिनेछन्, नेपाल भारतका बीचमा रहेका सीमादेखि हस्तक्षेपसम्मका समस्याहरूको निदान दुवै देश मिलेर सच्याउन, सुधार्न र समाधान गर्न उनलाई के कस्तो सफलता हासिल हुनपुग्यो । त्यसपछि प्रम बालेनको मूल्याङ्कन होला ?

प्रतिपक्षीहरू स्थिर सरकारलाई असफल पार्न र अराजकता सिर्जना गर्न आन्दोलनको आँधीबेहरी ल्याउने भनिरहेका छन् । यहाँसम्म कि निर्वाचन आयोगले स्थानीय र प्रदेशको निर्वाचनको विषयमा छलफल गर्न बोलाउँदासमेत सरकारले पहिले बोलोस् भनेर फर्केका छन् । चुनाव हुनुपर्छ, होस् भन्नसमेत सकेनन् । जसरी पनि बालेन सरकारलाई अन्यौल र अनिश्चिततामा धकेलेर राष्ट्रलाई अराजकतामा होम्ने प्रयासमा पुराना दलहरू लागेको देखिन्छ । बहुदल असफल भयो, लोकतन्त्र पनि लुटतन्त्रमा बदनाम हुनपुग्यो । प्रतिपक्षीहरू जो चार दशकदेखि शासनसत्तामा थिए, उनीहरू अझै संविधान, लोकतन्त्र भनिरहेका छन् । यथार्थ कुरो के हो भने आजको दिनसम्म मुलुकले कुन शासन प्रणाली अँगाल्ने हो ? भन्ने नै निक्यौंल भएन । भारत चीन अमेरिका र पश्चिमाहरू सहयोगी हुदैमा अनिस्चितता समाप्त हुने होइन । समस्या द्वेषपूर्ण रूपमा जारी गरिएको सम्विधानमा छ । अधि भारू बाँडेर, माओवादी आतंकलाई स्वीकारेर, तोडफोड, आगजनी, हिंसा, हत्या आदि विकृतिहरूको साथ लिएर गणतन्त्र त स्थापना गरियो त्यसपछि.. 'मतलब' पूरा भएपछि पुराना (कथित चारदल)का नेताहरूका विदेशी 'मालिकहरूले सर्लक्कसँग 'हाथ' झिकिदिँदा यिनीहरू पाहा पछाडिएझैं पछारिन पुगे । जनता बलवान भएका दिन, जनविरोधीको कुन हालत हुन्छ भन्ने विषय यिनीहरूलाई हेर्दा देखिन्छ । हिजोका शासकहरू, लुटेराहरू, भ्रष्टहरू आज राजनीतिक परिदृश्यमा दिशाहीन भएका छन् । यिनीहरूसँग न टेक्ने माटो छ, न समाउने हाँगो ? रानु विनाका माहुरीजसरी भुनभुनाईरहेका छन् यिनीहरू । थाहा छ यिनलाई कि यिनको गन्तव्य र उद्देश्य भनेको ' विदेशीका सामु लम्पसार परेर सधैय गणतन्त्र र धर्मनिरपेक्षता' मा उभिनु हो । जुन कुरा आमनेपालीलले नामञ्जुर गरिसकेका छन् । यिनका मालिकहरूले यही दुई एजेन्डा पूरा गराउन यिनीहरूलाई हतियारको रूपमा प्रयोग गरेका थिए, यिनमा खिया लागिसक्यो ।

छटपटीमा परेका यिनीहरूबीच गणतन्त्र र धर्म निरपेक्षतामा कुरा मिल्न छाडेको देखिदै छ । स्पष्ट छ, यिनका विदेशी मालिकहरूको उद्देश्य यिनलाई नेपाली स्वाधीनता र सार्वभौमिकता बलियो पार्न मद्दत गर्नु हुँदैहोइन । विदेशी ताकतको उद्देश्य यहाँ लठभद्रको स्थिति बहाल गरिराख्नु नै हो । यहाँ अस्थिर राजनीति र एकापसमा काटामारको अवस्था सिर्जना गरिदिई राखे यहाँका सम्पूर्ण 'स्रोत'हरूको निरन्तर दोहन गरिराख्न पाइने र भूराजनीतिमा खेल्ने अवसर मिल्ने भएकाले तिनले यी राजनीतिक ठूला नेताहरूलाई विवादमा फसाइरहेका थिए । अब त्यो स्थिति रहेन ।

जनताले सावधानी अपनाए, नया दल रास्वपाबाट आश गरिदैछ । ८ महिने बालेन सरकारले स्थिति सुधार्न सफल होला कि नहोला ? जिज्ञासा बढेको छ ।

बालेन सरकारले प्रतिषेध, निषेध र विभेदमा होइन, सबै राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गरेर अघि बढ्ने राजनीतिक चरित्र देखाउनुपर्छ । यही मार्गबाट देशको सुरक्षा, रास्वपाको ख्याति र देशले अभिभावकत्व पनि पाउनेछ । परम्परागत शक्तिलाई शिरमा राखेर चले बालेन ऐतिहासिक बन्सकनेछन्

कागज भन्छ गणतन्त्र, नागरिक भन्छन् राजतन्त्र ?



राजतन्त्र भन्दाभन्दै कमल थापाले एक दशक खेर फाले । राजेन्द्र लिङ्देन आए, उनी पनि सत्ताकै नशामा लठ्ठिए । नवराज सुवेदी, केशरबहादुर विष्ट, दुर्गा प्रसाईहरू जुटे, उनीहरूको भागाभाग भयो । हिन्दुवादी र राजसंस्थावादी ६ दर्जनभन्दा बढी संघसंस्थाले निरन्तर राजतन्त्र र हिन्दुवाद भनिरहेका छन्, तिनीहरूको आवाजमा स्थिरता आएन, आन्दोलनमा निरन्तरता भएन ।

तथापि राजा जता जान्छन्, लोकप्रिय छन् । राजाका वाणीहरू कर्णप्रिय लाग्छन् । तर नौनी स्वार्थीहरूले नै चाटे, नौनी पगालेको विलौनीजस्तो बासनामा मात्र छ राजतन्त्र ।

राजतन्त्र भन्ने राप्रापाका गत फागुन २१ को चुनावमा जुम्लाबाट ज्ञानेन्द्र शाहीलाई मात्र जनताले पत्याए । राजतन्त्र हिन्दराष्ट्र भन्नेहरू ख्याउटे, दुब्लो र टीवी रोग लागेजस्तो निर्यातिमा पुगेका छन् । तथापि आगामी अधिवेशनमा राप्रपाको अध्यक्ष हुन्छु, मै राजतन्त्र र हिन्दुराष्ट्र ल्याउँछु भनेर ज्ञानेन्द्र शाही फुईंकी हाँक्दैछन् । अर्का जय नेपाल पार्टी खोल्न पुगेका धवल शमशेर जबरा पनि छन् । जो आफै चुनाव हारे, उनले जय नेपाल पार्टी र राजतन्त्र, हिन्दुराष्ट्रलाई कसरी जिताउलान् ?

राजतन्त्रका तीव्र आलोचकहरू भन्छन्- एआईको जमाना आइसक्यो, कोठे भाषणले कुनै परिवर्तन ल्याउन सक्दैन ।

८ दशकसम्म पुराना कांग्रेस, एमाले यतिबेला जनताको मतदानको भाटा खाएर सडकको चिसो खोजिदैछन् । १० वर्ष लामो जनयुद्ध गर्ने माओवादी अध्यक्ष प्रचण्डले माओवाद थन्क्याएर नेकपाको जोहो गर्दैछन् । उनी एमालेसँग कार्यगत एकता गरौं, नयाँपुस्ता र जेनजी सरकारसँग मिलेर लडौं भनेर स्वरै भासिने गरेर चिच्याइरहेका छन् । कांग्रेस दुई खेमा भएर बाँडिएका छन् । मधेशवादी र अन्य ससाना दलहरू सत्तामे बेवास्ता गरेको गुनासो गर्दै मरीचझैं चाउरिन पुगेका छन् ।

नेपालको राजनीतिक वर्णपटमा सत्तामा पुगेको रास्वपालाई पछानें कसरी भन्दै आआफ्नै असफल बेग हान्न तल्लीन छन् ।

गत भदौ २३ र २४ मै जेनजी विद्रोहमा संविधान च्यातिएको हो, लोकतन्त्र नाङ्गै भइसकेको हो । तथापि नयाँ संविधान लेखिएन, यही संविधानमा टेकेर अन्तरिम सरकार, चुनाव र चुनावपछिको बालेन सरकार बनेको हो । बालेन सरकार बनेको ८ महिना भयो । वल्ल बौरिएर एमाले, नेकपाले मुख फोरेर भन्न थालेका छन्, गुण्डागर्दी भयो, राष्ट्रपतिले खुट्टा कमाएर संसद विघटन गरिदिए, चुनावमा धाँधली गरेर रास्वपाले जितेको हो । रास्वपाले कसरी जित्यो, रास्वपालाई जनताले कति विश्वास गरेका छन्, त्यो त आगामी स्थानीय चुनावमा प्रष्टै देखिनेछ । प्रष्ट कुरो के पनि हो भने आजका दिनमा पनि पुराना दलका नेताहरू जनताका सामुन्ने उभिन र सार्वजनिक कार्यक्रम गर्न डराउँछन् । आफ्ना पार्टीका फोर्स र सुरक्षाको घेरामा घेरिएर जाने गरेका छन् । तिनले सत्ता र सत्ताधारी रास्वपालाई गाली गर्नु आकाशतिर फर्केर थुकेजस्तै हो ।

प्रजातन्त्र भनेको गुण र दोषको छ्यानव्यान गर्नसक्ने ल्याकत हो । त्यो कुरा जनताले हैसियत देखाईदिएका दलहरूमा कत्ति पनि देखिदैन । यसकारण तिनले गरेको विरोध खाईपाइ आएको सत्तारसबाट वन्चित हुनुपरेको छटपटाहटमात्र हो ।

हो, रास्वपाले आफ्ना करार र घोषणापत्रलाई सार्थक बनाउन सकेको छैन । एक प्रतिपक्षीले हरेक पल तेर्स्याएको तगारो, दोस्रो प्राकृतिक प्रकोप, भोटेकोशीको बाढी, सुरकुमवासी, सहकारी,, लघुवित्त, मिटरब्याजी पीडितहरूको समस्या समाधानमा लाग्दालाग्दै बालेन सरकारले तीव्र गतिमा काम गर्न सकेको छैन । यहीकारण नतिजा देखिन ढिला भएको छ । तथापि प्रधानमन्त्रीको इमानमा जनता विश्वस्त छन्, समस्या समाधान हुँदै जानेमा आमनागरिक आश्वस्त छन् ।

प्रतिपक्षीले सरकारलाई सहयोग गरेका छैनन्, जसरी पनि आलोचना गर्ने र गाली बर्साउने काम विपक्षीले गरिरहेका छन् । राजनीतिक धर्मसमेत विर्सेका कारण प्रम बालेनले संसदलाई ध्यान नदिने, विरोधको आवाज सुनेर उडाउने, कार्यकारी प्रधानमन्त्री झैं आफ्नो कर्तव्य निर्वाहमा लाग्ने गरेको देखिन्छ । यति हुँदाहुँदै पनि सरकारले संसदलाई बाइपास गर्न मिल्दैन, जिम्मेवार हुनैपर्छ । विपक्षीले भेटवार्ता किन गरिएन भनेर आपत्ति जनाइरहेका छन् । प्रम बालेन ०४६ पछिका सबै छानविन गरेपछि भ्रष्टलाई दण्ड दिलाएरमात्र वार्ता गर्ने मूडमा छन् भन्ने सबैले अनुभूत गरेका छन् ।

हो, च्यातिएर कायम रहेको नाममात्रको संविधानमा लोकतान्त्रिक गणतन्त्र लेखिएको छ । तर पूर्वराजालाई जनताले क्षेत्र क्षेत्रमा निम्त्याउने क्रम जारी छ । राजा जता जान्छन्, उतै हाम्रो राजा हाम्रो देश भन्ने नारा सुनिन्छ । बहुदलको ४० वर्षपछि र लोकतन्त्रको २० वर्षपछि जो जति शीर्ष नेता थिए, तिनको जयजयकार कहिल्यै सुन्न पाइएन । शीर्ष नेता कसैलाई जनताले विश्वास देखाएनन् । हो, चितवनबाट गोरखा र गोरखाबाट रूकुम पश्चिम पुगेका माओवाद त्यागेर नेकपा बनेका प्रचण्डले चुनाव जितेका हुन् । त्यो चुनाव यथार्थमा जितेको होइन, हारेको हो । जो नेता सुरक्षित ठाउँ खोजेर भोटका लागि रापिलो ठाउँ खोजेर भड्किन्छ, त्यस्तो नेतालाई डाइनामिक नेतावाट निस्तेज भएको मान्नुपर्छ । हुन पनि ३५ वर्षे ठिटो बालेनले ओलीजस्ता नेता हराइदिए, कांग्रेस जिल्लाराम हुनपर्यो, नेकपाको विउका रूपमा अध्यक्ष प्रचण्डले कुना कन्दरामा पुगेर चुनाव जित्नुलाई के जित्नु भन्नु ? वरू पूर्वराजा सिंहासनमा बस्न नपाए पनि जनताको मनमा बसेका छन्, त्यो लोकप्रियता ठूलै जित हो ।

आज पनि हिमाल पहाड तराई कोही छैन पराई, एक राजा एक देश, एक भाषा एक भेष भन्ने छाप जनतामा छ । नेपालको पहिचान पनि यही हो । बहुधार्मिक, बहुसांस्कृतिक एवं बहुभाषिक मुलुकका सबैको संरक्षण गर्न बहुदलले सकेन, लोकतन्त्र असफल भयो । आखिर चाहि त अभिभावक नै रहेछ । घरमा बुढा वा र देशमा राजाको उपस्थितिले मात्र पनि सन्तानलाई आश्वस्त पार्नेरहेछ । यही सन्देश राजनीतिले दिएको छ ।

वर्तमान राजनीतिक परिदृश्यको विश्लेषण गर्दा रास्वपा र बालेन साहको विकल्प कोही पनि छैन । यसकारण बालेन साहलाई देशको हितमा काम गर्ने सुवर्णय अवसर प्राप्त छ । यो मौकालाई उनले सदुपयोग गर्नसके त्यही नै जेनजी विद्रोहको सार र परिवर्तनको धार साबित हुनेछ । जेनजी विद्रोह र सत्तै परिवर्तनलाई विश्वले सह्राहना गरेको छ । नेपालको आवाज राष्ट्रसंघमा गुन्जिन र सुनिन थाल्यो । भारतले सम्मान गऱ्यो । नेपालले विश्वसमुदायमा खोजेको समानताको इज्जत पाउनथाल्यो । यो सब देखेर हिजोका विदेशीका सामु दम्पसार पर्नेहरूमा औडाह छुट्नु स्वभाविक हो ।

प्रम बालेन यति शक्तिशाली छन् कि उनले देशमा जस्तोसुकै परिवर्तन ल्याइदिन सक्छन् । संविधान संशोधनमा विपक्षीहरूले निहुँ खोजेका छन्, जब बालेन ताल्नेछन्, त्यतिबेला उनीहरूले निहुरीमुण्टी न हुनुपर्नेछ । किनकि बालेन साहसँग जनमत संग्रहमा जानसक्ने जनादेशसमेत प्राप्त छ । जुद्ध शमाशेर पछिको यति ताकतिलो सरकार नेपालमा पहिलोपल्ट देखिएको छ ।

बालेन मधेशको छोरो । उसले नेपाल मेरो देश भनेको छ । मेरो राष्ट्रियतामाथि शंका गर्नु पर्दैन भनेको छ । यो देखेर मधेशकै नेता र पहाडीया भनेर नाक फुलाउनेहरूको राजनीतिक मृत्यु भइसक्यो भन्दा हुन्छ । कम बोल्छन्, जब बोल्छन्, बालेनको बोलीमा बाघ गर्जनको शक्ति देखिन्छ । बालेन सुशासनको जग बसाल्न चाहन्छन् । भ्रष्टलाई जेल कोच्ने उनको अभियान छ । यहीकारण चारदशकदेखि भ्रष्टाचारमा रमाउनेहरू आत्तिन पुगेका छन् । हेर्नु यत्ति छ कि बालेन साहले विधि र विश्वासको जग बलियो रूपमा स्थापित गर्न सक्छन् कि सक्दैनन् ?

गणतन्त्र भन्नेहरूले गणतन्त्रलाई गाँडतन्त्र बनाइदिए । लोकतन्त्र भन्नेहरूले लोकतन्त्रलाई लुटतन्त्र बनाइदिए । सबै समस्याको जड राजतन्त्र भन्नेहरू आफै समस्याको पहाड बनेकाले राजतन्त्रको गरिमा र महिमाको सम्झना बढेको छ ।

गणतन्त्र भन्ने र मान्नेलाई छुट छ, राजतन्त्रको विचार राख्नेहरू पनि स्वतन्त्र छन् । तर तीतो सत्य के हो भने राजतन्त्र र हिन्दु राष्ट्र भन्नेहरू एक हुनसकेनन्, आफ्नो माग पूरा गराउने निरन्तरता र त्याग बलिदान हुनसकेनन् । यहीकारण गणतन्त्र छाडा हुनपुग्यो, लोकतन्त्र लुट्राह बन्यो । निश्चित रूपमा समयले कसैलाई पर्खदैन । समय अर्थात परिवर्तन् । जतिसुकै परिवर्तन भए पनि आखिर सत्य परिवार र देशमा अभिभावक त चाहिन्छ चाहिन्छ । त्यसैले अभिभावकका लागि बालेन सरकारले सोचोस् ।



